# सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# एकीकृत शहरी विकास योजना

(नवौं नगरसभाबाट पारित)



२०७८ आषाढ

# सिद्धार्थनगर नगरपालिका

## नगर कार्यपालिका

### रुपन्देही, भैरहवा

### प्रदेश नं. ५

## मन्तव्य

नगरका जनताको सबैभन्दा निकटको सरकारका रुपमा स्थानीय शासन संचालन र व्यवस्थापनका लागि नयाँ अनुभवका साथ अगाडि  बढिरहेको छ। विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त साधन र स्रोतको सीमाभित्र रहेर शासन संचालन र व्यवस्थापन चुनौतीपूर्ण कार्यका रुपमा देखिएको छ। जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय प्रणालीको सुदृढीकरण, दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने दिशामा महत्वपूर्ण जिम्मेवारी नगरपालिकामा रहेको छ। स्थानीय तहमा अन्तरनिहित अधिकार तथा अधिकारको बाँडफाँड र कार्यसम्पादन सम्बन्धी विषयलाई विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले रेखांकन गरेको छ। नगरको विकासलाई अगाडि बढाउन विना योजना सम्भव नहुने भएको र नगरको मार्गनिर्देशन गर्न यस नगरले प्रथम एकीकृत शहरी विकास योजना तयार गरिएको छ।

नगरको पहिलो प्रयासको रुपमा तयार भएको यो दस्तावेज आगामी १५ बर्षको लागि तर्जुमा गरिएको छ। एकीकृत शहरी विकास योजना तयारीका चरणहरुमा सबै तह र तप्काका नगरवासी तथा विषय विज्ञहरुको सहभागितामा तयार भएको छ। विभिन्न चरणमा अभिमुखीकरण, कार्ययोजना तर्जुमा, वस्तुस्थिति विश्लेषण तथा एकीकृत शहरी योजना तर्जुमा विस्तृत कार्यशाला, मस्यौदा प्रस्तुती तथा सुझाव संकलन कार्यशाला चरणबद्ध रुपमा संचालन गरी सहभागितामूलक प्रक्रिया बमोजिम यो एकीकृत शहरी विकास योजना तर्जुमा गरिएको छ। नगर सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरी एकीकृत शहरी विकास योजनालाई सहभागितामूलक, समावेशी र नतिजामूलक बनाउने प्रयास गरिएको छ। योजना तर्जुमा प्रक्रियामा जस्तै बार्षिक योजना र बजेट मार्फत कार्यान्वयनमा समेत सम्बन्धित सबैको सहयोग प्राप्त हुने र योजनामा प्रस्तावित श्रोत प्रक्षेपण अनुसार स्रोत परिचालन हुने अपेक्षा राखिएको छ। यस योजनाले लिएको दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम पुरा गर्न सबैको साथ र सहयोग नगरले पाइरहने छ भन्ने आशा राखेको छु।

अन्त्यमा, सिद्धार्थनगर नगरपालिकाको यस प्रथम एकीकृत शहरी विकास योजना तर्जुमा कार्यमा सहयोग गर्नु हुने नगर सभा तथा कार्यपालिकाका पदाधिकारी एवं कर्मचारी, विषयगत समिति, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, सरोकारवाला निकाय, दिगो विकास श्रोत व्यक्ति, परामर्शदाता संस्था रिर्डाक -रारा- कालिका जे भि सम्बन्धित विषयविज्ञलाई धन्यवाद व्यक्त गर्दछु।

हरि प्रसाद अधिकारी

नगर प्रमुख

असार २०७७

# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिका
रुपन्देही, भैरहवा
**प्रदेश नं. ५**

## मन्तव्य

स्थानीय सरकारका रुपमा नगरपालिकाले नेपालको संविधान र तत्सम्बन्धी नीतिगत व्यवस्था बमोजिम सेवा प्रवाह तथा विकास निर्माण मार्फत् जन आकांक्षा सम्बोधनको ऐतिहासिक जिम्मेवारी नवनिर्वाचित जनप्रतिनिधिहरूमा रहेको छ। संघीय शासन व्यवस्थाको रुपमा स्थानीय तह, प्रदेश र संघ माझ समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा शासन संचालनको अपेक्षा गरिए जस्तै स्थानीयस्तरमा पनि निर्वाचित पदाधिकारी, विषयगत शाखा, समुदायमा आधारित संस्था, स्थानीय समुदाय, निजी क्षेत्र र विकास साझेदार तथा गैससँगको निकटतम सहकार्य र समन्वयबाट अपेक्षित परिवर्तन सुनिश्चित हुने विश्वास गर्न सकिन्छ। स्थानीय सरकार संचालनको बलियो आधार तयार गरी सेवा प्रवाह र विकास निर्माण प्रभावकारी गराउन नगरपालिकाको समग्र पक्षको क्षेत्रगत विकासलाई एकैसाथ अगाडि बढाउन एकीकृत शहरी विकास योजना तयार गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो। यही कुरालाई स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकारले नीतिगत निर्णय र मार्गदर्शनका आधारमा सचेत समेत गराएको छ।

अन्त्यमा, सिद्धार्थनगर नगरपालिकाको यस प्रथम एकीकृत शहरी विकास योजना तर्जुमा कार्यमा सहयोग गर्नु हुने नगर सभा तथा कार्यपालिकाका पदाधिकारी एवं कर्मचारी, विषयगत समिति, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, सरोकारवाला निकाय, दिगो विकास श्रोत व्यक्ति, परामर्शदाता संस्था रिर्डाक -रारा- कालिका जे भि सम्बन्धित विषयविज्ञलाई धन्यवाद व्यक्त गर्दछु।

उमा काफ्ले

उप प्रमुख

असार २०७७

# सिद्धार्थनगर नगरपालिका

## नगर कार्यपालिका

### रुपन्देही, भैरहवा

### प्रदेश नं. ५

## भूमिका

संघीय शासन व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धि र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न एकीकृत शहरी विकास योजना तर्जुमाको आवश्यकता रहेको छ। साथै नेपालको संविधान र कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि एकीकृत शहरी विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ। नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं कानून बमोजिम स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई मनन् गरी संघीय शासन व्यवस्था अनुसार राज्यको पुनस्थापना पछि स्थानीय सरकारको रुपमा स्थापित यस सिद्धार्थनगर नगरपालिकाले पहिलो प्रयासको रुपमा प्रथम एकीकृत शहरी विकास योजना (२०७७/०७८ –२०९१/०९२) तर्जुमा गरेको छ।

एकीकृत शहरी विकास योजना तर्जुमा प्रक्रियामा नगरपालिकाको विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी नगरपालिकाको समष्टिगत विकास लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले नगरपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा नतिजा अनुगमन र प्रभाव लेखाजोखाको लागि आधार प्रदान गर्नुका साथै आगामी १५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरेको छ। यस एकीकृत शहरी योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र मध्यमकालिन खर्च संरचनाको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी निर्धारित प्रक्रिया अनुसार बार्षिक योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गरी योजना कार्यान्वयन सुनिश्चित गरिनेछ।

अन्त्यमा, सिद्धार्थनगर नगरपालिकाको यस प्रथम एकीकृत शहरी विकास योजना तर्जुमा कार्यमा सहयोग गर्नु हुने नगर सभा तथा कार्यपालिकाका पदाधिकारी नगरका कर्मचारी साथीहरु, विषयगत समिति, स्थानीय राजनीतिक दलहरू, अगुवा तथा विषयविज्ञहरु, सरोकारवाला निकाय, दिगो विकास श्रोत व्यक्ति, परामर्शदाता संस्था रिर्डाक -रारा-कालिका जे भि सम्बन्धित विषयविज्ञलाई धन्यवाद व्यक्त गर्दछु।

तुल्सीराम मरासीनी
प्रमुख प्रशासकीय अधिकृत

# कार्यकारी सारांश

भैरहवा नगर पञ्चायत सन १९६७ मा स्थापना भएको थियो र भगवान गौतम बुद्धको नाममा सन १९७७ मा यस नगर पञ्चायतको नाम सिद्धार्थनगर नगर पञ्चायत परिवर्तन गरियो । बहुदल प्राप्तिका लागि सन १९९० भएको जनआन्दोलन पश्चात यसको नाम सिद्धार्थनगर नगरपालिका रहन गयो। यो रूपन्देही जिल्लाको सदरमुकाम पनि हो।

रुपन्देही जिल्लाको दक्षिणी भागमा रहेको सिद्धार्थनगर नगरपालिका नेपाल भारत सीमा नाकामा रहेका पाँच प्रमुख प्रवेशद्वार मध्ये एक हो। यो एक महत्वपूर्ण व्यापारिक तथा औद्योगिक शहरको रुपमा पनि परिचित छ। भगवान गौतम बुद्धको जन्मस्थान लुम्बिनी जाने यो प्रवेशद्वार हो। यसैले यो अन्तर्राष्ट्रिय पर्यटकहरु तथा बैदेशिक व्यापारको लागि प्रमुख स्थलगत नाका हो। सिद्धार्थनगरबाट लुम्बिनी २२ किलोमीटर पश्चिममा पर्दछ। यी यस्तै कारणबाट समयको गति सँगै सिद्धार्थनगर क्रमशः विस्तार हुँदै गईरहेकोछ । विस्तार हुने प्रवृति छिटो छिटो तवरले भएकाले शहरी सुविधाहरुमा यस्को प्रभाव पर्दै गईरहेकोछ। यसैले शहरहरुको पुनर्संरचना र निर्माण गर्ने उपयुक्त योजनाको आत्मपरीक्षण गर्ने यो सही समय हो । नेपालका शहरहरुको शहरी योजना निर्माणका लागि एकीकृत कार्य योजना र आवधिक योजनाहरु भए तापनि यिनीहरुमा समाज तथा शहरको बहुपक्षीय आयाम अँगाल्न नसक्ने जस्ता अझै निकै कमीहरु छन् ।

सिद्धार्थनगर नगरपालिकामा बार्षिक २.२% को उच्च दरमा शहरीकरण बृद्धि भइरहेको छ । जनसंख्या बृद्धि तथा अप्रत्यासित जलवायुको अवस्थाका कारण खेती योग्य जमीनमा आएको कमी र बजारमा रहेको प्रतिस्पर्धामा भई रहने परिवर्तनले कृषि क्षेत्र समस्याग्रस्त छ। सिद्धार्थनगरको जनसंख्या २०३५ मा १,०७,०२५ पुग्ने प्रक्षेपण गरिएको छ। यस्का कारण निम्न लिखित धेरै चुनौतीहरु सिद्धार्थनगरका लागि देखा परेका छन्।

### योजना तथा समन्वय बिनाको शहरी बृद्धि

जथाभावी गरिएको शहरी बृद्धिले प्राकृतिक तथा मानवीय वातावरणमा ह्रास पुऱ्याएकोछ। सारांशमा भन्दा, शहरमा योजनाबद्ध आवास निर्माणमा असर पुऱ्याएको, सडक, खानेपानी, ढल तथा फोहोर मैला संकलन लगायत अन्य धेरै सेवाहरुको अपर्याप्तता बढाएकोछ । यस्ले गर्दा सिद्धार्थनगर नगरपालिकाको सौन्दर्यमा ह्रास ल्याउन र प्राकृतिक असन्तुलन बढाउन सघाउ पुग्न गएकोछ।

### अपर्याप्त यातायात तथा पूर्वाधार सम्बन्धी सेवाहरु

विभिन्न रुटमा सार्वजनिक यातायात सेवा छैन। त्यसैले जनताहरु व्यक्तिगत वाहन भाडामा लिन बाध्य छन। साईकल, रिक्सा तथा व्यक्तिगत कार तथा मोटरसाईकल सडकमा निकैमात्रामा चलिरहेकाले ट्राफिक भीड र वायु प्रदुषण बढेको छ। फोहोर मैला व्यवस्थापन, सडक सञ्जाल, खानेपानी तथा ढलको व्यवस्था जस्ता सुविधा तथा सेवाहरु अपर्याप्त छन्। जस्ले गर्दा सिद्धार्थनगर नगरपालिकालाई यी क्षेत्रहरुमा सेवा सुविधा प्रदान गर्न कठीनाई भईरहेकोछ।

**अपर्याप्त आवास अवस्था**

आवास विकास पर्याप्त छैन। आवास विकास र जनतावीचको सामुदायिक सुविधाहरय वीच बेमेल छ। शहरमा झुपड बस्तीहरुको उदय भईरहेकोछ।

**वातावरणीय गुणमा बढ्दो ह्रास**

वन तथा नदी नजिक जथाभावी तवरले फोहोर थुपार्नु, डण्डा खोला तथा घागरा खोलामा सिधै ढल मिसाउनु, प्राकृतिक बनावटमा अतिक्रमण हुनु, कच्ची सडकका कारण धुलो हुनु, खुल्ला दिसा बस्नु र औद्योगिक प्रदुषण नै सिद्धार्थनगरका वातावरणीय प्रदुषणका मुख्य स्रोतहरु हुन। वायु प्रदुषणका मुख्य कारक बढ्दो रुपमा खुलेका कलकारखानालाई लिन सकिन्छ। विभिन्न स्थानहरुमा घरबाट निस्कने फोहोर मैला घर बाहिर फाल्ने गरेकोछ जुन फोहोर मैला व्यवस्थापनको मुख्य समस्या हो।

**सँस्थागत क्षमताको अभाव**

स्थानीय प्रशासनिक संरचनाको आधारमा हाल कर्मचारीहरु अपर्याप्त भएको देखिन्छ। साथै डिजिटल प्रयोगको कमीले पनि सेवा प्रवाहको प्रभावकारितामा बाधा पुऱ्याएको देखिन्छ।

**प्रक्रिया/विधि**

बढ्दो विकासको ढाँचालाई यो सिद्धार्थनगरको १५ बर्षे एकीकृत शहरी विकास योजनाले शहरी योजनाको औजारको रुपमा सघाउ पुऱ्याउनेछ। यो योजना तयार पार्न स्थलगत गहन अध्ययन अनुसन्धान गरिएको थियो। पहिलेको आवधिक योजनाको आधारमा अध्ययन र तथ्याङ्क संकलन गर्नुका साथै सिद्धार्थनगरको वर्तमान अवस्था झल्काउने नगर पार्श्वचित्रका लागि स्थलगत अध्ययन र वडा तहमा छलफल गरिएको थियो। त्यस पछि एकीकृत शहरी विकास योजना बनाउनका लागि दीर्घकालीन सोच तयार गरिएको थियो। सिद्धार्थनगरका सबल तथा कमजोर पक्षहरुको पहिचान गर्नका लागि सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण गरिएको थियो। यस्को आधारमा नै संभावित प्रवृति अध्ययन, स्थानिक, वित्तीय तथा आर्थिक विश्लेषण गरी विभिन्न रणनीतिक क्षेत्रहरुको विषयगत उद्देश्य तय गरिएको थियो। तार्किक ढाँचा पद्धतिमा आधारित योजना तथा कार्यक्रमहरु तयार गरिएको र वित्तीय योजनाका लागि प्रत्येक क्षेत्रका विभिन्न क्रियाकलापहरु पहिचान गरिएको थियो।

सिद्धार्थनगरको एकीकृत शहरी विकास योजनाको अवधारणाले विश्वभरका विश्वव्यापी पर्यटन तथा हरित शहरलाई अँगालेकोछ। सिद्धार्थनगरमा निर्माणाधीन अन्तरराष्ट्रिय विमानस्थलले पर्यटकहरुलाई सिधै गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा आउन सघाउ पुऱ्याउनेछ। हरित शहर र गौतम बुद्धको जन्मभूमिको रुपमा सिद्धार्थनगरलाई परिचित गराउनका लागि हरियाली बढाउने, कम कार्बन बिसर्जन गर्ने यातायात तथा पर्याप्त भौतिक संरचना सुधारमा उपयुक्त लगानीको आवश्यकता पर्दछ।

**प्रस्तावित योजनाका सारसंक्षेप**

यस योजनाको उद्देश्य एउटा मार्ग निर्देशन गर्ने दस्तावेज बनाउने हो जस्ले वातावरणका हिसाबले दिगो, सामाजिक हिसाबले समावेशी तथा सन्तुलित समाज बनाउने हो जहाँ भौतिक, सामाजिक तथा आर्थिक संरचना भएको हुन्छ । विभिन्न क्षेत्रमा समावेश गरिएका सबै क्रियाकलापहरु दिर्घकालीन सोच " **पर्यटन, उद्योग, व्यवसाय र शिक्षा हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा** " प्राप्त गर्न परिलक्षित छन् ।

नेपाल सरकारको हालैको प्रशासनिक संरचनामा भएको सुधारका कारणले प्रत्येक नगरपालिकाहरुलाई विभिन्न राजस्व परिचालन योजनाका माध्यमबाट आफ्नो आम्दानी बढाई आफ्नो विकास योजनाको प्राथमिकता तय गर्ने अवसर प्राप्त भएको छ । सिद्धार्थनगरको एकीकृत शहरी योजना तर्जुमाको गर्नका लागि यो एकीकृत शहरी विकास योजनाले सम्भाव्यता र अवसरहरुको अन्वेषण गरेकोछ । दिगो शहरी विकासका लागि यो योजनाले १५ बर्ष भित्र गरिने परियोजनाहरुको प्रभावकारी कार्यान्वियन र व्यवस्थापनामा मार्ग निर्देश गर्दछ ।

विभिन्न क्षेत्रमा प्रस्तावित गरिएका परियोजनाहरु १ देखि ५ बर्षसम्म, ६ देखि १० बर्ष सम्म र ११ देखि १५ बर्ष सम्म गरी ३ फरक समय अवधिका लागि प्रस्ताव गरिएकोछ । भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत सडक, ढल निकास, पुल, ल्याण्डफिल साईट, मोनो र मेट्रो रेल जस्ता कार्यक्रमहरुलाई दीर्घकालिन योजना मानिएकोछ भने अन्य क्षेत्रका योजनाहरु छोटो समय र मध्यकालीन समयका लागि प्रस्तावित गरिएकोछ । १५ बर्ष अवधिको लागि कूल बजेट रु. २२ अरब ८ करोड ९७ लाख ३० हजार अनुमान गरिएको छ ।

आर्थिक विकास क्षेत्र अन्तर्गत ३ वटा शीत भण्डार स्थापना, जैविक मलखाद उत्पादनका लागि अनुदानको व्यवस्था, माछापालन, ग्रामीण क्षेत्रको लागि पहुँच मार्गको सुधार, सिंचाई योजनाहरु, सिंचाईका लागि पम्पसेट वितरण, रात्रीकालीन बजार संचालन, पर्यटकहरुका लागि पार्किंगस्थल निर्माण, विद्युयीय वाहनको सम्बर्धन, प्रत्येक वडामा १ वटा सब्जीमण्डी निर्माण, हाल नगरपालिका भवन रहेको ठाँउमा सिनेमा हल सहितको सुविधासम्पन्न व्यापारिक भवन निर्माण जस्ता मुख्य कार्यक्रमहरु समावेश गरिएको छ । यस्को अनुमानित बजेट रु. ७० करोड ३५ लाख ५० हजार छ जुन कूल बजेटको ३.४६% हुन आँउछ ।

सँस्कृति तथा पर्यटन क्षेत्र विकास अन्तर्गत प्रमुख मन्दिर तथा स्थान जोड्ने १५कि.मी. पैदल मार्ग निर्माण, शहरको मुख्य भागबाट कोटिमाई मन्दिर जाने बाटोको सुधार, दुर्गा मन्दिर, राधाकृष्ण मन्दिरको भौतिक सुधार, बैंक रोडमा भएका घरहरुको अगाडिको भागमा सुधार, ७ वटा पर्यटक जानकारी केन्द्र संचालन र नगरपालिकाको बृहत पर्यटन योजना तयार गर्ने मुख्य कार्यक्रमको रुपमा समावेश गरिएको छ । यस्को अनुमानित बजेट रु. २७ करोड ९० लाख छ जुन कूल बजेटको १.२६% हुन आँउछ ।

सामाजिक विकास क्षेत्र अन्तर्गत १९ वटा प्राथमिक विद्यालयको निर्माण, प्रारम्भिक वाल विकास कार्यक्रम, ई-सिकाई सामाग्रीहरुको वितरण, गुणस्तरीय शिक्षाका लागि कार्यक्रम, सीमान्तकृत समूहका बालबच्चाका लागि प्रोत्साहनको व्यवस्था, सरकारी विद्यालयहरुमा भौतिक सुविधामा सुधार, स्वास्थ्य क्षेत्रको सुधारका लागि कार्यक्रम, भीम अस्पतालको भौतिक सुधार, महिला, बालबालिका र सीमान्तकृत समुदायको कल्याणको लागि विभिन्न कार्यक्रमहरु, वालबच्चाको पुनस्र्थापना केन्द्रको स्थापना, १७ वटा सामुदायिक पुस्तकालय, अनाथालयको स्थापना, बहुउद्देश्यीय भवन निर्माण, १३ वटा प्रहरी पोस्टको निर्माण, संग्रहालयको निर्माण योजना समावेश गरिएको छ। यस्को अनुमानित बजेट रु. १ अरब ६३ करोड ५९ लाख छ जुन कूल बजेटको ७.४१% हुन आँउछ।

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत ४५ कि.मी. नयाँ सडक, भईरहेको १२१ कि.मी. सडकको स्तरोन्नति, २७१ कि.मी. सडकको नियमित मर्मत संभार, ७५ कि.मी. सडक चौडा पार्ने, ४ वटा आकाशेपुल र २ वटा फ्लाईओभर पुल, चक्रपथ, मोनोरेल, मेट्रोको अध्ययन र निर्माण, १३५.५ कि.मी. सडक नालाको निर्माण, २०० कि.मी. ढल निर्माण, ल्याण्डफिल्ड क्षेत्रको निर्माण, २ वटा प्रशोधन प्लाण्ट, १ वटा नयाँ बस टर्मिनल, २० वटा बस बिसौनी, ५ वटा पार्किङ्ग स्थल निर्माण, प्रत्येक वडामा एक एक वटा खानेपानीको ओभरहेड ट्याङ्की, भूमिगत पानी पुनर्भरण र आकाशेपानी संकलन र सिंचाई योजनाको विकास समावेश गरिएको छ। यी सबै योजनाका लागि रु. ११ अरब, ९६ करोड ९ लाख १० हजारको अनुमानित बजेट आँकलन गरिएकोछ। यो कूल बजेटको ५४.१५% बजेट हो।

रणनीतिक योजना अन्तर्गत डण्डाखोला करिडर विकास, पूर्ण सुविधा सहितको पञ्चवाटिका उद्यान निर्माण, भैरहवा गेट, सामुदायिक कृषि विकास तथा सिद्धार्थ क्रिकेट रंगशाला निर्माण प्रस्ताव गरिएकोछ। यस्को अनुमानित बजेट रु. ५ अरब ९८ करोड ५ लाख ७० हजार छ जुन कूल बजेटको २७.०७% हुन आँउछ।

वातावरण व्यवस्थापन क्षेत्र अन्तर्गत पशु वधशालाको निर्माण, छुट्टै साईकल लेन र पैदल यात्रीका लागि फूटपाथ निर्माण, वातावरण संरक्षणका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम, बृक्षारोपण कार्यक्रम समावेश गरिएको छ। यस्को अनुमानित बजेट रु. ७४ करोड ७५ लाख छ जुन कूल बजेटको ३.३८% हुन आँउछ।

विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत डण्डाखोलाको बाढी नियन्त्रण, विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धी विभिन्न तालिम, विपद् सम्बन्धी विभिन्न कार्यदलहरुको निर्माण र उनीहरुलाई तालिम, भूकम्प प्रतिरोधी भचन निर्माणमा सहुलियत जस्ता कार्यक्रमहरु मुख्य रुपमा समावेश गरिएको छ। यस्को अनुमानित बजेट रु. १३ करोड २९ लाख छ जुन कूल बजेटको ०.६% हुन आँउछ।

सुशासन तथा सँस्थागत विकास क्षेत्र अन्तर्गत नगरपालिकाको सुविधा सम्पन्न आधुनिक भवन निर्माण, वडा कार्यालयहरुको भवन निर्माण, कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि तालिम, जनप्रतिनिधिहरुकोलागि नेतृत्व विकास सम्बन्धी तालिम, विभिन्न ऐन, नियम, नियमावली र निर्देशिका तयार गर्ने, नगरपालिकाको बेबसाइट नियमित संचालन

गर्ने, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण जस्ता मुख्य कार्यक्रमहरु समावेश गरिएको छ। यस्को अनुमानित बजेट रु. ५८ करोड ९४ लाख छ जुन कूल बजेटको २.६७% हुन आँउछ।

आर्थिक बर्ष २०७७/२०७८ का लागि प्रस्ताव गरिएका योजनाहरुको अनुमानित लागत रु. २ अरब २१ करोड ८० हजार हुन आँउछ। आर्थिक बर्ष २०७७/२०७८ का लागि नेपाल सरकार र सिद्धार्थ नगरपालिकाबाट उपलब्ध हुने रकम रु.८० करोड ६५ लाख ७० हजार छ र रु. १ अरब ४० करोड ३५ लाख १० हजार बजेट न्यून रहने देखिन्छ। सो न्युन बजेट आन्तरिक तर्फबाट ४२ करोड १० लाख ५० हजार र बाह्य स्रोतबाट ९८ करोड २४ लाख ६० हजार व्योहोरिनेछ।

रु. १ अरब ४० करोड ३५ लाख १० हजार मध्ये सिद्धार्थनगर नगरपालिकाले कर तथा सेवा शुल्कबाट रु. २२ करोड १० लाख ५२ हजार र जन समुदायका तर्फबाट २० करोड व्योहोरिनेछ। ९८ करोड २४ लाख ६० हजार नपुग रकम संघीय सरकार तथा प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान रकम, विभिन्न विकास साझेदार जस्तै सँयुक्त राष्ट्र सम्बन्धी एजेन्सीहरु, विश्व बैंक, एशियाली विकास बैंक र विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट हुने सहयोगबाट व्योहोरिनेछ।

**सिफारिस तथा सुझाव**

प्रस्तावित एकीकृत शहरी विकास योजनाको सफल कार्यान्वयनका लागि निम्न बूँदाहरु महत्वपूर्ण भएकाले त्यस्का लागि सिद्धार्थनगर नगरपालिका सक्रिय हुनु पर्दछ।

- कारागार तथा सैनिक ब्यारेकलाई शहरको मुख्य स्थानबाट क्रमश पचकौली तथा विमानस्थल क्षेत्रमा स्थानान्तर गरी शहर भित्र खुल्ला क्षेत्रको व्यवस्था गर्नु पर्दछ।

- सिद्धार्थनगर नगरपालिकासँग सीमित प्राकृतिक स्रोत भएको र आफ्नै आयमा भर पर्न गाह्रो पर्ने भएकाले सिद्धार्थनगर नगरपालिकाको भौगोलिक सीमाना पूर्वमा रोहिणी नदी सम्म, पश्चिममा तिनाउ नदी सम्म, उत्तरमा तिलोत्तमा नगरपालिका र दक्षिणमा भारतीय सीमा सम्मा विस्तारकालागि संघीय सरकार, प्रादेशिक सरकार र छिमेकी गाँउपालिकाहरुसँग छलफल र पैरवी गर्नु पर्दछ।

# बिषय सूची


कार्यकारी सारांश ........ ४

परिच्छेद १ परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ योजना तर्जुमाको उद्देश्य ........ 1

१.३ एकीकृत शहरी विकास योजनाको कानुनी तथा नीतिगत आधार ........ २

१.४ एकीकृत शहरी विकास योजना तर्जुमा तथा प्रक्रिया ........ ४

१.५ अध्ययनको सीमा ........ ५

परिचच्छेद २ नगरपालिकाको संक्षिप्त परिचय ........ ६

२.१ परिचय ........ ६

२.२ भौगोलिक तथा राजनीतिक अवस्थिति ........ ६

२.३ ऐतिहासिक चिनारी तथा नामकरण ........ ७

२.४ जनसंख्या विवरण तथा बनौट ........ ७

२.५ साँस्कृतिक उत्कृष्टता ........ ८

२.६ नगर विकासका योजनाका प्रयास र प्रमुख उपलब्धीहरु ........ ८

२.७ नगर विकासको प्रमुख संभावना, अवसर तथा चुनौती ........ ९

परिच्छेद ३ योजनाको अवधारणा र प्रारुप ........ १४

३.१ दीर्घकालिन सोच तथा उद्देश्य ........ १४

३.२ लक्ष्य तथा उद्देश्य ........ १५

३.३ क्षेत्रगत बृहत् उद्देश्यहरु ........ १६

**३.३.१ आर्थिक विकास** ........ १६

**३.३.२ सामाजिक विकास** ........ १६

**३.३.३ भौतिक विकास** ........ १६

**३.३.४ वातावरणीय सन्तुलन** ........ १६

**३.३.५ संस्थागत** ........ १६

३.४ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु ........ १६

३.५ नतिजा तालिका ........ १७

परिच्छेद ४ आर्थिक विकास योजना ........ ३४

४.१ पृष्टभूमि ........ ३४

४.२ कृषि ........ ३४

४.३ उद्योग तथा व्यापार व्यवसाय ........ ३६

४.४ पर्यटन ........ ३७

४.५ लक्ष्य तथा उद्देश्य ........ ३८

४.६ रणनीति तथा कार्यनीति ........ ३९

परिच्छेद ५ सामाजिक विकास योजना ....... ३५
५.१ पृष्ठभूमि ....... ३५
५.२ शिक्षा ....... ३५
५.३ स्वास्थ्य ....... ३६
५.४ खानेपानी तथा सरसफाई ....... ३७
५.५ सामाजिक समावेशीकरण ....... ३८
५.६ सुरक्षा ....... ३८
५.७ पार्क तथा खुल्ला क्षेत्र ....... ३९
५.८ खेलकुद ....... ४०
५.९ संग्रहालय ....... ४०
५.१० सिटी हल ....... ४०
५.११ बृद्धाश्रम तथा अनाथालयको स्थापना ....... ४०
५.१२ प्रदर्शनी केन्द्र ....... ४१
५.१३ पुस्तकालय ....... ४१
५.१४ लक्ष्य तथा उद्देश्य ....... ४१
५.१५ रणनीति तथा कार्यनीति ....... ४२
परिच्छेद ६ भौतिक पूर्वाधार विकास योजना ....... ४३
६.१ पृष्ठभूमि ....... ४३
६.२ सडक तथा पुल ....... ४३
६.३ यातायात सेवा ....... ४३
६.४ विद्युत ....... ४४
६.५ ढल तथा सडक नालाको सँजाल ....... ४४
६.६ सूचना, संचार र प्रविधि ....... ४४
६.७ लक्ष्य तथा उद्देश्य ....... ४५
६.८ रणनीति तथा कार्यनीति ....... ४५
परिच्छेद ७ वातावरण, वन तथा विपद् व्यवस्थापन योजना ....... ४७
७.१ पृष्ठभूमि ....... ४७
७.२ फोहोर मैला व्यवस्थापन ....... ४७
७.३ विपद ....... ४८
७.४ लक्ष्य तथा उद्देश्य ....... ५०
७.५ रणनीति तथा कार्यनीति ....... ५०
परिच्छेद ८ संस्थागत विकास तथा सुशासन योजना ....... ५२
८.१ पृष्ठभूमि ....... ५२
८.२ संगठनात्मक स्वरुप ....... ५२

८.३ प्रशासकीय संरचना ........ ५२
८.४ कार्यालय व्यवस्थापन ........ ५२
८.५ वित्तीय श्रोत ........ ५३
८.६ योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन ........ ५३
८.७ सुशासन ........ ५३
८.८ लक्ष्य तथा उद्देश्य ........ ५४
८.९ रणनीति तथा कार्यनीति ........ ५४
परिच्छेद ९ कार्यान्वयन व्यवस्था ........ ५६
९.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ ५६
९.२ स्रोत अनुमान तथा प्रक्षेपण ........ ५७
९.३ स्रोत परिचालन रणनीति ........ ६०
९.४ एकीकृत शहरी विकास योजना कार्यान्वयन ........ ६०
९.५ अनुगमन तथा मूल्याङ्कन योजना ........ ६१
**९.५.१ अनुगमन तथा मूल्याकंनको आवश्यकता** ........ ६१
**९.५.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी** ........ ६१
**९.५.३ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया** ........ ६२
अनुसूचीहरु ........ ६५

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भई सकेपछि नेपालको एकात्मकबाट संघीय व्यवस्था तिरको यात्राले संस्थागतरुप लिएको छ । नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार गाउँ तथा नगरपालिका राज्यको स्थानीय स्तरको कार्यकारी, व्यवस्थापकीय र केही न्यायिक अधिकार समेत प्राप्तगरी अधिकार र स्रोत सहितको स्थानीय सरकारको रूपमा स्थापना भएको छ। यसरी स्थापना भएको नगरपालिकाले जनतालाई सरल, छिटो छरितो र जनताले सुशासनको अनुभूति गर्ने गरी विकास, निर्माण र सेवाप्रवाहको काम गर्नेछ भन्ने संवैधानिक परिकल्पना रहेको पाईन्छ । यसै संबैधानिक व्यवस्थालाई थप परिभाषित र सरलीकृत गर्नका लागि हालसम्ममा जारी भएका नीति नियमहरूले गाउँपालिकालाई जनताको नजिकको सरकारको हैसियतले सबै प्रकारका विकास र निर्माणका काम गर्न जिम्मेवार बनाएको छ। यसबाट नागरिकमा स्थायित्व र समृद्धिको चाहना पुरा गर्ने वातावरण तयार भएको महसुस भएको छ। यस परिप्रेक्ष्यमा नेपाल सरकारले समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच अगाडि सारेको छ भने यस सिद्धार्थनगर नगरपालिकाले परामर्शदाता कम्पनी रिडार्क – रारा – कालिका जेभीको प्राविधिक सहयोगमा नगरपालिकाको विकासलाई दीर्घकालीन सोच, रणनीति तथा प्राथमिकताहरूसहित योजनाबद्ध हिसाबले अघि बढाउन यो बृहत् नगर विकास योजना तर्जुमा गरी जारी गरेको छ।

नेपालको सामाजिक, आर्थिक बनोट मूलतः ग्रामीणमुखीबाट क्रमशः सहरमुखी भइरहेको छ। नेपाल एकातिर विश्वमा कम सहरीकरण भएको मुलुक मध्ये एक हो भने अर्कातिर विश्वमै सहरीकरण तीव्र भएका १० वटा मुलुकहरू मध्येमा पनि नेपाल एक हो। योजनाको कमी तथा तिनको कार्यान्वयन फितलो हुन जाँदा तीव्र शहरीकरणको प्रक्रियाले स्पष्ट दिशा लिन नसक्ने तथ्य स्वत सिद्ध छ। यो परिप्रेक्ष्यमा यो एकीकृत शहरी विकास योजनाले यस नगरपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित अनियन्त्रित सहरीकरणलाई समयमै नियमित, व्यवस्थित, योजनाबद्ध गरी आइपर्न सक्ने जोखिमको न्यूनीकरणगर्न तथा विकासको गतिलाई तीव्रता दिंदै प्राप्त प्रतिफललाई दीगो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.२ योजना तर्जुमाको उद्देश्य

नगरपालिका क्षेत्रको समग्र विकासको दीर्घकालीन सोच, निर्धारित अवधिको लक्ष्य तथा विषयगत उद्देश्यहरू निर्धारण गरी निश्चित अवधि भित्र तोकिएको लक्ष्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिहरू पहिचान गरी परिभाषित गरेको मार्गचित्र सहितको दस्तावेज नै एकीकृत शहरी विकास योजना हो । यस्तो दस्तावेजले निश्चित अवधिका लागि विकास र निर्माणको सन्दर्भमा नगरपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ। नगरपालिका र वडा कार्यालयहरूका साथै स्थानीय स्तरमा कार्यरत सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित अन्य संघसंस्था तथा निजी क्षेत्रलाई समेत विकासको एउटै मुलधारमा ल्याई गाउँपालिकाकाको नेतृत्वमा योजनाबद्ध र एकीकृत विकास प्रक्रियालाई मार्गदर्शन गर्नसक्ने खालको दस्तावेज निर्माण गर्नु एकीकृत शहरी विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। समग्र उद्देश्यहरू बुँदागत रूपमा यस प्रकार राखिएकाछन्:

(१) नगरपालिका क्षेत्रको विकास तथा परिवर्तनको दीर्घकालीन सोच, प्राथमिकता, लक्ष र विषयगत शीर्षकका उद्देश्यहरू निर्धारण गर्ने।

(२) नगरपालिका क्षेत्रभित्र रहेका र बाहिरबाट आउँन सम्भव देखिएका स्रोतको अवस्था विश्लेषण गरी सहभागितात्मक छलफलका आधारमा पाँच वर्षका प्रमुख योजनाहरूको खाका तयार गर्ने ।

(३) दीर्घकालीन सोच र योजनाको लक्षबाट आशा गरिएका उपलव्धिहरू प्राप्त गर्नका लागि आवश्यक पर्ने रणनीति तथा कार्यनीतिहरू निश्चित गर्ने ।

(४) नगरपालिका क्षेत्रको एकीकृत, नतिजामूलक र योजनाबद्ध विकासकालागि सबै साझेदारहरूलाई एकैथलोमा ल्याई साझा उत्तरदायित्व सिर्जना गर्न सहयोग गर्ने खालको दस्तावेज निर्माण गर्ने ।

(५) योजना अवधिसम्म गरिने काम र नीति सम्बन्धी छलफलको माध्यमबाट सबै तहका सरकार तथा प्रशासन संयन्त्रमा कामगर्ने जनप्रतिनिधि तथा कर्मचारीहरूको साझा उत्तरदायित्वको भावना बढाउने ।

(६) नगरपालिकाको विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका तथा जिम्मेवारीको (के कामको अनुगमन कसले र कहिले गर्ने) निश्चित गर्ने ।

## १.३ एकीकृत शहरी विकास योजनाको कानुनी तथा नीतिगत आधार

संघीय नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश नीति र कानून तथा स्थानीय नीति र कानून बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । यस नगरपालिकाको यस प्रथम एकीकृत शहरीविकास योजना देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई तर्जुमा गरिएको छ ।

- नेपालको संविधान
- दीगो विकास लक्ष्य (सन् २०१५–२०३०)
- नेपाल सरकाबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून तथा मापदण्ड (भूउपयोग नीति, कृषि विकास रणनीति, पर्यटन नीति, वन तथा वातावरण ऐन, विद्यालय क्षेत्र सुधार योजना तथा १५ बर्षे स्वास्थ्य क्षेत्र रणनीति, वहुक्षेत्रीय पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदि)
- नेपाल सरकारको दीर्घकालिन सोच, पन्ध्रौ राष्ट्रिय योजना (संघीय एकीकृत शहरी योजना), प्रदेश ५ सरकारको प्रथम एकीकृत शहरी योजनाको आधार पत्र
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको मध्यमकालीन खर्च संरचना

- नेपाल सरकार, प्रदेश सरकारबाट राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, स्थानीय आय (कर शुल्क, सेवा शुल्क तथा दस्तुर), जनसहभागिता आदि
- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदि)
- नेपाल सरकार र प्रदेश सरकारको अवलम्बन गरेका आर्थिक नीतिहरु
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु तथा नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १)। संविधानको अधिकारको सूचीको अवस्था अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका एकीकृत शहरी योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ। स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले नगरपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने व्यवस्थालाई यस एककृत शहरीयोजनामा समायोजन गरिएको छ।

- मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयारी,
- योजना तर्जुमा प्रक्रियामा स्थानीय बुद्धिजीवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय लगायतका सरोकारवालाको अधिकतम सहभागिता,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार,
- योजनामा संघ तथा प्रदेश सरकारबाट संचालन गर्न आवश्यक आयोजना कार्यक्रमलाई अवसरको रुपमा समावेश
- एकीकृत शहरी योजनाका आधारमा वार्षिक योजना तर्जुमा गर्दा आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनलाई कार्यनीतिमा समावेश
- नगरपालिकामा गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले संचालन गर्ने तथा साझेदारीमा संचालन हुने आयोजना, कार्यक्रम तथा लगानी समेतलाई योजनामा संलग्न

- नेपाल सरकारको स्वीकृति बमोजिम विकास साझेदार तथथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाबाट नगरपालिकामा संचालन भएका तथा हुने कार्यक्रम तथा लगानीलाई योजनामा मध्यनजर तथा समावेश

## १.४ एकीकृत शहरी विकास योजना तर्जुमा तथा प्रक्रिया

यस नगरपालिकाको विस्तृत स्वरुपको एकीकृत शहरी विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ।

सिद्धार्थनगर नगरपालिकाको एकीकृत शहरी विकास योजना नगरकार्यपालिकाबाट तयार गरी गराईनगरपालिका सभाबाट स्वीकृत गरी लागु गर्ने नगरपालिका कार्यकारी परिषदको सोच र निर्णय बमोजिम देहायबमोजिमको विधि तथा प्रक्रिया अनुसार यो आवधिक योजना तर्जुमा गरिएको छः

**एकीकृत शहरी विकास योजना तर्जुमा कार्यविधि तयारी तथा स्वीकृतिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ को व्यवस्था तथा सिद्धार्थनगरको १५ बर्षे एकीकृत शहरी विकास योजना तर्जुमा गर्ने भन्ने नगरपालिकाको निर्णय अनुसार स्वीकृत कार्यविधि बमोजिम विषय विज्ञसहितको परामर्शदाता संस्थाको सहयोगमा यो काम गर्नेगरी नगरपालिकाले कार्यविवरण पत्र तयार गरी परामर्सदाता संस्था छनौटको कानुनी प्रक्रिया थालनी गरेदेखि यो एकीकृत शहरी विकास योजना निर्माण प्रक्रियाको सुरु भएको मानिन्छ।

**योजना तयारी कार्याशालाः** सिद्धार्थनगर नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा प्रारम्भिक प्रतिवेदनको प्रस्तुतीकरण र छलफल गोष्ठी २०७४ साल माघ १४ गते र २०७४ साल चैत्र ९ गते नगरपालिकाको आयोजना र रिडार्क - रारा – कालिका जेभीको सहजीकरणमा सिद्धार्थनगर नगरपलिका कार्यालयमा आयोजना गरिएको थियो। कन्सल्टेन्सीका तर्फबाट विषयगत विज्ञहरूले यो कार्यशालाको सहजीकरण गर्नु भएको थियो। यो गोष्ठीको एक उद्देश्य एकीकृत शहरी विकास योजनाको लागि दीर्घकालिन सोच तय गर्नु थियो तथापि सिद्धार्थनगर नगरपालिकाले पहिले नै दीर्घकालिन सोच तय गरेको तर सो अनुसार काम हुन नसकेको र सो दीर्घकालिन सोच अझ पनि सिद्धार्थनगरको लागि सान्दर्भिक हुने भन्ने निचोड सो गोष्ठीको भए अनुसार पहिले नै तय भएको दीर्घकालिन सोचलाई नै अनुमोदन गर्ने काम भयो।

**वस्तुस्थिति विश्लेषणः** एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गर्नुभन्दा अगाडि सिद्धार्थनगर नगरपालिकाको पहिले नै तयार पारिएको पार्श्वचित्र अर्थात वस्तुगत विवरणको पूर्व अध्ययन गर्नुका साथै स्थलगत अध्ययन गरिएको थियो र सो आधारमा तयार पारिएको प्रारम्भिक रुपरेखा योजना तयारी कार्यशाला गोष्ठीमा प्रस्तुत गरिएको थियो। एकीकृत शहरी विकास योजना तर्जुमाको एउटा आधार सो वस्तुगत विवरण र गोष्ठीमा भएका छलफलहरु पनि हो।

**वडास्तरीय छलफलः** विभिन्न समयमा बिषय विज्ञहरूको सहजीकरणमा एक दिवसीय वडास्तरीय परामर्श गोष्ठी संचालन गरिएको थियो जस्मा एकीकृत शहरी विकास योजना तर्जुमाको आवश्यकता र औचित्य, योजनाका लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता, संभावना तथा समस्याहरु, तर्जुमामा अवलम्बन गरिने प्रक्रियाका बारेमा बृहद छलफल गरिएको थियो। उक्त परामर्श गोष्ठीमा, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, दलित, महिला, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको यथेष्ट प्रतिनिधित्व रहेको थियो। यी

गोष्ठीहरूमा बिषयगत रुपमा आएका प्रस्तावित कार्यक्रम तथा बजेट उपर छलफल गरी आवश्यक सुझाब सहित अनुमोदन गर्ने निश्कर्ष आएको थियो । वडास्तरीय परामर्श गोष्ठीहरूका निश्कर्ष तथा सुझावहरू यस दस्तावेजको बिभिन्न प्रसंगमा प्रस्तुत गरिएकोछ ।

**योजना दस्तावेज मस्यौदा तयारीः** एकीकृत शहरी विकास योजना तयारी कार्यशाला, स्थलगत अवलोकन, वडागत परामर्श कार्यक्रम र योजना तर्जुमा बैठकको निचोड तथा विवरणका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेजलाई मुख्य रूपमा परिचय, योजनाको अवधारणा तथा प्रारुप, एकीकृत शहरी योजना र समग्र नतिजा तालिका सहित नौ परिच्छेदमा विभाजन गरिएको छ । स्थानीय तहका अधिकार क्षेत्रका सवै विषयहरू र प्राविधिक पक्षहरूलाई तार्किक र वस्तुनिष्ट रूपमा प्रस्तुतगरी अन्य योजनाविद् तथा विषयविज्ञहरूको समेत सुझाब लिई यो एकीकृत शहरी विकास योजना दस्तावेज लेखन तथा मस्यौदा तयारी गर्ने कार्य सम्पन्न गरियो ।

**योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारीः** नगरपालिकाको सोच, सहभागितामूलक वडास्तरीय कार्यशाला गोष्ठीहरू तथा विषयविज्ञको सुझावका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई कार्यपालिका तथा नगरसभा सदस्यहरू र नगरपालिकाले छनौट गरी आमन्त्रण गरेका स्थानीय तहका सरोकारवालाहरू समेतको उपस्थितिमा २०७६ फाल्गुण २९ र ३० गते प्रमाणीकरण कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा मस्यौदा योजनाको प्रस्तुती, छलफल तथा अन्तिम पुनरावलोकनका लागि सुझावहरू संकलन गरियो । यो कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी सिद्धार्थनगर नगरपालिकाको एकीकृत शहरी विकास योजना दस्तावेजको अन्तिम मस्यौदा तयार गरी पुनरावलोकन लागि नगरपालिकालाई उपलब्ध गराईएको थियो । अन्तिम मस्यौदा उपर प्राप्त सुझावलाई समावेश गरी यो अन्तिम दस्तावेज तयार गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यो एकीकृत शहरी विकास योजना तर्जुमा प्रकृयालाई सकेसम्म वस्तुनिष्ट, व्यवहारिक र सर्बसाधारणले बुझ्न सक्ने दस्तावेजको रूपमा तयार गर्ने नगरपालिकाको सोच र सोही अनुसार गर्ने परामर्शदाता संस्थाको प्रयास हुँदा हुँदै पनि केही सीमाहरू रहन गएका छन् ।

यो योजना तर्जुमा गर्दा नगरपालिकाको २०६७ मा तयार भएको पार्श्वचित्रलाई आधार लिइएको हुनाले कतिपय अवस्था ती तथ्याङ्क र वास्तविक अवस्थामा सामनजस्यता नहुन सक्ने संभावना रहेको छ । समय र श्रोतको कमीका कारण तथ्यांक संकलनका लागि विस्तृत सर्भेक्षण गर्न नसकिएको हुँदा नगरपालिका, जिल्ला तथा राष्ट्रियस्तरमा रहेका तथ्यांक तथा नगरपालिका पदाधिकारी र स्थानीय समुदायसँगको छलफलका आधारमा आवश्यक तथ्यांकहरू संकलन गरिएको छ । आवश्यकता अनुसारको सम्पूर्ण तथ्यांकहरू प्राप्त हुन सकेको छैन । योजनाको लागि पहिचान भएका आयोजनाहरूको लागत अनुमानमा आधारित छ ।

सरकारी, गैरसरकारी र अन्य विभिन्न पक्षबाट आगामी पाँच वर्षको अवधिमा नगरपालिकामा प्राप्त हुन सक्ने श्रोतको सही विवरण प्राप्त हुन नसक्ने हुँदा सम्भावित कुल बजेटमा आउने फरक एकीन गर्न सकिने स्थिति रहेको छैन । यद्यपि हालका वर्षहरूमा यस नगरपालिका क्षेत्रमा प्राप्त हुने गरेको वार्षिक बजेट, विगतको बजेट वृद्धि र पछिल्लो परिवेशलाई मध्यनजर गरी सम्भावित बजेटको आँकलन गरिएको हुँदा योजना तर्जुकामा दृष्टिले अनुमानित बजेट धैरै हदसम्म यथार्थपरक रहने अनुमान गर्न सकिन्छ ।

# परिचच्छेद २ नगरपालिकाको संक्षिप्त परिचय

## २.१ परिचय

गौतम बुद्ध जन्म स्थल लुम्विनीको प्रवेशद्वारको रुपमा रहेको सिद्धार्थनगर नगरपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नम्बर ५ स्थित रुपन्देही जिल्लामा दक्षिण भेगमा अवस्थित रहेको। जिल्लामा स्थापना भएका १६ वटा स्थानीय तह मध्ये यस नगरपालिका जिल्लाको जिल्ला सदरमुकाम भैरहवामा रहेको छ। सिद्धार्थनगर नेपालको पुरानो नगरपालिका हो जसको स्थापना २०२४ सालमा भैरहवा नगर पञ्चायतको नामले भएको थियो भने सिद्धार्थनगर भनेर यस नगरपालिकाको नाम २०४६ सालको राजनैतिक परिवतर्न पछि राखिएको हो। यस नगरपालिकाको कुल क्षेत्रफल ३०.०३ वर्ग कि.मी. रहेको छ।

## २.२ भौगोलिक तथा राजनीतिक अवस्थिति

सिद्धार्थनगर नगरपालिका नेपालको पश्चिमी तराई क्षेत्रमा पर्दछ। भौगोगिक अवस्थितिका हिसावले यो नगर २७०३१' उत्तरी अक्षांश र ८३०२७'' पूर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिकाको पूर्वमा ओमसतिया र रोहीणी नगरपालिका, पश्चिममा मायादेवी नगरपालिका, उत्तरमा मायादेवी र ओमसतिया नगरपालिका र दक्षिणमा भारतको सुनौली पर्दछ। धरातलीय स्वरुपका हिसाबले यस नगरपालिकाको अधिकांश भू–भाग खेतीयोग्य, समथर जमीनले ओगटेको छ। नगरपालिकाको ९५ प्रतिशत जमिन समथर र खेतीयोग्य रहेको छ धरातलीय रुपमा महाभारत क्षेत्रमा फैलिएको यस नगरपालिका कृषि तथा पशुजन्य उत्पादन तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ। यस नगरपालिकाको औषत अधिकतम तापक्रम ४५.५ डिग्री सेल्सियस रहेको छ भने औसत बार्षिक वर्षा १,४३६.५ मि.मि रहेको छ।

यस सिद्धार्थनगर नगरपालिकाकामा १३ वटा वडाहरु रहेका छन् भने यो नगरपालिका प्रतिनिधि सभाको लागि निर्धारण गरिएका रुपन्दही जिल्लाका ४ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. ३ मा पर्दछ भने प्रदेश सभा निर्वाचन क्षेत्रको लागि तय गरिएका दुई निर्वाचन क्षेत्र नं. २ “क” अन्तर्गत रहेको छ। नगरपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका: नगरपालिकाको वडागत विवरण*

| वडा नम्बर | वडाको क्षेत्रफल (व.कि.मि.) |
|---|---|
| १ | ४.३५ |
| २ | ३.१३ |
| ३ | २.८९ |
| ४ | ४.७२ |
| ५ | ०.२ |
| ६ | १.३३ |
| ७ | ०.४६ |
| ८ | १.८२ |

| | |
|---|---|
| ९ | ६.१३ |
| १० | ४.२ |
| ११ | ५.२९ |
| १२ | ०.८८ |
| १३ | ०.६३ |
| जम्मा | ३६.०३ |

## २.३ ऐतिहासिक चिनारी तथा नामकरण

संघीय नेपालको प्रदेश नं. ५ मा पर्ने रुपन्देही जिल्लाको ऐतिहासिक, पबित्र तथा पर्यटकीय स्थल सिद्धार्थ गौतम बुद्धको जन्म स्थल यही जिल्लामा भएको कुरा सर्ववितै रहेको छ । सिद्धार्थ गौतम बुद्धको नामबाट यस नगरपालिकाको नाम सिद्धार्थनगर नामाकरण भएको हो । नेपालको पुरानो नगरपालिका मध्ये यो नगर पनि एक रहेको छ जसको स्थापना २०२४ सालमा भैरहवा नगर पञ्चायतको नाम बाट स्थापना भएको थियो भने २०४७ सालको राननितिक परिवर्तन पछि यस नगरको नाम सिद्धार्थनगर रहन गएको हो ।

## २.४ जनसंख्या विवरण तथा बनौट

नगर वस्तु २०६७ अनुसार यस नगरपालिकाको जम्मा घरधुरी १२,४९७ र जनसंख्या ६३,४८३ रहेको छ । जसमा पुरुष जनसंख्या कुल ३१,६७३ र महिला जनसंख्या कुल ३१,८१० रहेको देखिन्छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम तालिकामा रहेको छ ।

| वडा नम्बर | घर परिवार संख्या | जनसंख्या | | | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व प्रति वर्ग कि.मी. |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जनघनत्व प्रति वर्ग कि.मी. | | |
| १ | १,०६६ | २,७८७ | २,९१८ | ५,७०५ | ४.३५ | १,३११.४९ |
| २ | ४९८ | १,४४६ | १,५५९ | ३,००५ | ३.१३ | ९६०.०६ |
| ३ | १,२८५ | ३,३२४ | ३,३०० | ६,६२४ | २.८९ | २,२९२.०४ |
| ४ | ८१३ | २,४९३ | २,४०७ | ४,९०० | ४.७२ | १,०३८.१४ |
| ५ | १९३ | ५३८ | ५१३ | १,०५१ | ०.२ | ५,२५५.०० |
| ६ | १,६३३ | ४,५४३ | ४,४८८ | ९,०३१ | १.३३ | ६,७९०.२३ |
| ७ | ९५२ | २,०१६ | १,९७४ | ३,९९० | ०.४६ | ८,६७३.९१ |
| ८ | २,०७८ | ४,४२१ | ४,४५१ | ८,८७२ | १.८२ | ४,८७४.७३ |
| ९ | १,३५२ | ३,३९६ | ३,४७२ | ६,८६८ | ६.१३ | १,१२०.३९ |
| १० | ४६७ | १,४९५ | १,४३७ | २,९३२ | ४.२ | ६९८.१० |
| ११ | ३३५ | १,२०४ | १,१८३ | २,३८७ | ५.२९ | ४५१.२३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | ८८६ | १,९७२ | १,९९५ | ३,९६७ | ०.८८ | ४,५०७.९५ |
| १३ | ९३९ | २,०३८ | २,११३ | ४,१५१ | ०.६३ | ६,५८८.८९ |
| जम्मा | १२,४९७ | ३१,६७३ | ३१,८१० | ६३,४८३ | ३६.०३ | १,७६१.९५ |

*स्रोतः नगर वस्तुस्थिति विवरण, २०६७*

## २.५ साँस्कृतिक उत्कृष्टता

यस नगरपालिकामा साँस्कृतिक हिसावले पहाडी तथा तराइबासीको मिश्रित बसोवास रहेकोमा जस्मा ब्राम्हण, क्षेत्री, मगर र दलित समुदायको मिश्रित बसोबास रहेको छ । यस नगरपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् ।

## २.६ नगर विकासका योजनाका प्रयास र प्रमुख उपलब्धीहरु

विगतलाई फर्केर हेर्दा सिद्धार्थनगरको विकासमा योगदान पुर्‍याउने क्रममा धेरै पूर्वाधार स्थापना भएको पाईन्छ । यिनीहरु मध्ये भीम अस्पताल, लुम्बिनी रणअम्बिका आँखा अस्पताल, युनिभर्सल कलेज अफ मेडिकल साईन्स, श्रीकृष्ण नेत्रालय, लुम्बिनी नेत्रालय, युनिभर्सल कलेज अफ डेन्टल सर्जरी, सिद्धार्थनगर सिटी अस्पताल प्रा. लि., मर्चवार पोलिटेक्निक प्रा.लि., भैरहवा अस्पताल प्रा.लि. तथा बद्री आँखा केन्द्र प्रा.लि. केही हुन । अन्य पूर्वाधारहरुमा ३.९४ हेक्टर क्षेत्रफल भएको १५० वटा गाडी/बसहरु राख्न सकिने सिद्धार्थनगर बसपार्क, अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा निर्माणाधीन गौतमबुद्ध विमानस्थल, ७५० सिट क्षमता भएको सिटी हल र ३ हेक्टर क्षेत्रफलमा रहेको सिद्धार्थ रंगशाला प्रमुख हुन ।

सिद्धार्थनगर नगरपालिकाको आ.व.२०६६/६७ – २०७२/७३ समयावधिका लागि बनेको आवधिक योजना नै शहरी योजनाको लागि आधारशीला थियो जुन तलबाट नै बनेको थियो । त्यो आवधिक योजनामा मुलत आवास, स्वास्थ्य र शिक्षा क्षेत्रका केही सवाल र समस्याहरुको पहिचान गरिएको थियो । सो आवधिक योजनाले शहरी विस्तारको आवश्यकतालाई पहिचान गरी बढ्दो जनसंख्यालाई ख्याल गर्दै सम्भावित सुझाव दिएको थियो । यस्का साथै यसले पुरानो वास्तु सम्पदाको संरक्षण गर्ने योजना समेत बनाएको थियो जुन अद्यावधिक पूरा हुन सकेको छैन । त्यस्तै प्रत्येक घरमा शौचालयका लागि सोकपिट बनाउने र ढल निकास र ट्रिटमेण्ट प्लान्ट बनाउने योजना समेत पूरा हुन सकेको छैन । भूमि विकास कार्यक्रम अन्तर्गत ल्याण्ड पुलिङ र अन्य सेवाहरु पनि विगतका वर्षहरुमा सफल हुन सकेनन् ।

यस आवधिक योजनाले विभिन्न क्षेत्रमा तर्जुमा गरेका कार्यक्रम र प्राप्त उपलब्धीहरु तल उल्लेख गरिएको छ ।

**क. भौतिक पूर्वाधार विकास**

१०५.९ कि.मी. सडक कालो पत्र गरिएको, ७४.११ कि.मी५ ग्राभेल सडक गरिएको, १५.५ मुख्य ढल र ३६.४ कि. मी. सहायक ढल निर्माण भएको

**ख. सामाजिक विकास**

- साक्षरता दर ६९.७९% बृद्धि भएको (पुरुष साक्षरता ७९.२२% र महिला साक्षरता ६०. ७९%)
- घर जग्गामा महिलाको स्वामित्वमा बढ्दै गएको

**ग. आर्थिक विकास**

- आर्थिकरुपले सक्रिय जनसंख्यामा २५बृद्धि %
- उद्योग धन्दाहरुको स्थापना
- कृषि खेती र पशुपालन व्यवसायमा बृद्धि हुँदै
- सुविधा सम्पन्न होटल तथा रेष्टुराको संख्यामा बृद्धि
- प्राङ्गारिक खेती प्रणाली तर्फ मानिसहरुको चासो बृद्धि

**घ. वातावरण विकास**

- फोहोरको वर्गीकरण गर्ने अवधारणा लागू भएको
- विभिन्न क्षेत्रमा सामुदायिक शौचालय निर्माण भएको
- सौर्य उर्जा र आकाशे पानीको प्रयोग क्रमश बढ्दै गरेको
- सिद्धार्थनगर नगरपालिकाको विपद् जोखिम व्यवस्थापन योजना तयार भएको
- वातावरणीय स्थायीत्वका लागि हरित गृहको अवधारणा बढ्दै गरेको

**ङ. सुशासन तथा संस्थागत विकास**

- क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम, कार्यशाला तथा कार्यक्रम शुरु भएको
- नगरपालिका कार्यालयमा ई-सुशासन शुरु भएको

## २.७ नगर विकासको प्रमुख संभावना, अवसर तथा चुनौती

नगरपालिकाको सर्वाङ्गीण विकासका प्रमुख संभावना, अवसर, कमजोरी तथा चुनौतीहरुका बारेमा नगर तथा वडास्तरीय भेलाबाट आएका कुराहरुलाई संक्षिप्त रुपमा तल दिइएकोछ।

| **१. आर्थिक विकास** | |
|---|---|
| **सवल पक्ष** | • **कमजोर पक्ष** |
| • कृषिको लागि उपयुक्त मौसम र वातावरण भएको र मकै, गहुँ, जौं, कोदो जस्ता खाद्यान्न वाली र आलु, बन्दा, काउली, मुला जस्ता तरकारी, तोरी, अलैची, भटमास, सिमी, जस्ता नगदे बाली उत्पादन हुने<br>• बहुसंख्यक जनसंख्या कृषिमा आधारित<br>• सिंचाईको लागि पर्याप्त जलस्रोत भएको<br>• बस्तीहरू सडक संजालसंग जोडिएको | • गुणस्तरीय विउ बिजनको अभाव<br>• सिंचाईको कमी<br>• मौसमी बसाई सराई<br>• निर्वाहमुखी कृषि उत्पादन<br>• बजारीकरणको समस्या<br>• उपयुक्त प्रविधि र प्राविधिकको कमी |

| | |
|---|---|
| • नगरपालिकाको मुख्य बजार क्षेत्रमा, बैंक तथा वित्तीय संस्थाको उपलब्धता भएको हुँदा उद्योगी, व्यवसायीका लागि कर्जाको सुविधा उपलब्ध हुनु<br>• वचत तथा ऋण सहकारी संस्था र कृषि सहकारी संस्था पर्याप्त भएको<br>• गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वार भएको<br>• स्तरीय होटलहरु भएको<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधिन भएको | • आर्थिक विकासका लागि पूर्वाधारको अभाव<br>• बैंक वित्तीय साक्षरताको अभाव<br>• सहकारी संस्थाको कार्यक्षेत्र साँगुरो, कृषि सहकारीहरू निस्कृय<br>• समूहहरूको आर्थिक कारोवार नियमित नहुनु<br>• आयआर्जनको स्रोतको कमी<br>• पशुपालनका लागि वनजङ्गलको कमी भएको |
| **अवसर** | **चुनौती** |
| • खेती योग्य जमीन र पर्याप्त जलस्रोत भएको<br>• पछिल्लो युवा पुस्ता व्यवसायिक कृषिमा आकर्षित हुनु<br>• पर्यटकीय स्थल रुपमा विकास गर्न सकिने<br>• शित भण्डार, फलफूलका जुस उत्पादन गर्न उद्योग संचालन गर्न सकिने<br>• नगरका सबै वडाहरूमा विद्युतीकरण भएको हुँदा उद्योग धन्दा चलाउन सहज हुनु | • युवा शक्ति विदेश पलायन हुनु<br>• आकासे पानीमा आधारित खेती प्रणाली<br>• वन जंगल नासिनु वनमारा बृद्धी<br>• पुँजी प्रविधि र जनशक्तिको अभाव |

| **२. सामाजिक विकास** | |
|---|---|
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • विद्यालयको संख्या पर्याप्त भएको तथा शिक्षक अभिभावकको सम्बन्ध राम्रो भएको<br>• बाल स्वास्थ्य कार्यक्रम र गाउँघर क्लिनिक नियमित संचालन भएको<br>• पर्याप्त स्वास्थ्यकर्मी र औषधिको नियमित आपुर्ति भएको<br>• खुल्ला दिशामुक्त क्षेत्र घोषणा<br>• खानेपानीको सुविधा<br>• खोप तथा गाउँघर क्लिनिक नियमित<br>• आधारभूत प्रसुति सेवा | • विशेषत सरकारी विद्यालयका भौतिक पूर्वाधार कमजोर, शिक्षक दरबन्दीको कमी, विद्यार्थी उपस्थितिमा अनियमितता, विद्यार्थी टिकाउ दरमा कमी<br>• तालिम प्राप्त र विषयगत शिक्षकको अभाव<br>• गर्भजाँचमा र संस्थागत सुत्केरीको संख्या कम<br>• छात्राछात्रहरुको छुट्टाछुट्टै शौचालय नहुनु र शौचालयमा साबुन पानीको अभाव<br>• सम्पुर्ण स्वास्थ्य संस्थामा स्वच्छ खानेपानी तथा शौचालयको कमी |

| | |
|---|---|
| • परिवार नियोजन सेवा<br>• औषधी उपचार सेवा<br>• मातृशिशु स्वास्थ्य सेवा<br>• गर्भ परीक्षण सेवा<br>• महिला संस्था स्थापना (९५६ सदस्यीय)<br>• आमा समूह, निगरानी समूह सवै वडामा<br>• विद्यालयमा छात्राको भर्ना दर वृद्धि<br>• धार्मिक स्थल<br>• विद्यालयमा सामान्य मैदान<br>• राष्ट्रिय खेलाडी एथलेटिक्समा गएको<br>• गाउँपालिकाबाट खेलकूद बजेट विनियोजन<br>• गाउँपालिका स्तरीय खेलकूद प्रतियोगिता हुनु<br>• युवा स्वरोजगार कार्यक्रम<br>• युवा उद्यमीबाट पुरस्कृत भएको<br>• बैदेशिक रोजगार आकर्षण<br>• राष्ट्रिय स्तरका कलाकारहरु हुनु<br>• न्यायिक कार्य सम्पादन | • निःशुल्क औषधी आपूर्तिको कमी<br>• विशेषज्ञ स्वास्थ्य सेवाको कमी<br>• स्वास्थ्यकर्मीको नियमिततामा कमी<br>• गाउँघर क्लिनिक तथा खोपकेन्द्र संचालनमा कठिनाई<br>• स्थानीय तहको संरचनामा महिला सहभागिताको कमी<br>• सामाजिक समावेशीकरणको क्षेत्रमा पर्याप्त बजेट कार्यक्रमको कमी<br>• निगरानी समिति, आमा समूह तथा अन्य<br>• कला व्यवसायिक नहुनु<br>• कला संस्कृति संरक्षण र प्रवर्द्धनमा कमी<br>• धार्मिक स्थलको संरक्षण, प्रवर्द्धनमा कमी<br>• खेल मैदान तथा प्रोत्साहनमा कमी<br>• युवा पलायन<br>• मध्यस्थकर्ता छनौटमा कमी<br>• प्रहरी चौकीमा जनशक्तिको कमी |
| **अवसर** | **चुनौती** |
| • विद्यालय सुधारका लागि पर्याप्त आधार हुनु<br>• महिला नेतृत्व विकास बाल तथा महिला संजाल, सामाजिक चेतना विकास गर्न सक्ने<br>• महिला सहकारी संस्थाको माध्ययमबाट आर्थिक तथा सामाजिक विकास गर्न सकिने | |

| **३. भौतिक पूर्वाधार विकास** | |
|---|---|
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • सडकको राम्रो नेटवर्क भएको<br>• आधुनिक बस टर्मिनल भएको<br>• अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन भएको | • सडक नालाको उचित व्यवस्था नभएको<br>• सबै सडक कालोपत्रे नभएको<br>• पर्याप्त बसस्टपको अभाव |

| | |
|---|---|
| • खानेपानीको सुविधा भएको<br>• विद्युत सुविधा भएको<br>• संचारको सुविधा पर्याप्त भएको | • आधुनिक बधशालाको अभाव<br>• खानेपानीको पूर्ण सुविधा पुग्न बाँकी रहेको<br>• सार्वजनिक स्थल तथा कार्यालयमा ईन्टरनेटको सुविधा नभएको<br>• पर्याप्त बसपार्कको कमी<br>• ल्याण्डफिल्ड साईट नभएको<br>• ढलको उचित व्यवस्थाको कमी |
| **अवसर** | **चुनौती** |
| • वर्तमान सडक क्षेत्र विस्तार गर्न सकिने<br>• आकाशेपानी तथा भूमिगत पानी भण्डारणको राम्रो संभावना भएको<br>• वातावरणमैत्री यातायात व्यवस्था गर्न सकिने<br>• आधुनिक बधशालाको संभावना रहेको<br>• भौतिक निर्माण सुधारमा जनतामा सकारात्मक भावना रहेको | • भौतिक पूर्वाधार विकासमा ठूलो रकमको आवश्यकता पर्ने<br>• ढल निर्माणमा प्राविधिक जटिलता हुन सक्ने<br>• |

| **४. वन वातावरण तथा विपद् व्यवस्थापन** | |
|---|---|
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • सामुदायिक वन उपभोक्ता समिति क्रियाशील रहेको<br>• नगरमा पार्कहरु हुनु<br>• विपद व्यवस्थापन समिति तथा कार्यदल गठनभई क्रियाशील रहनु<br>• भवन आचार संहिता र मापदण्डको नीति हुनु | • पर्याप्त वनजङ्गल नहुनु<br>• पार्कहरु पूर्णरुपमा व्यवस्थित रुपमा संचालन नहुनु<br>• व्यवस्थापन समिति र कार्यदलको पर्याप्त दक्षता नहुनु र आवश्यक सामाग्रीको अभाव हुनु<br>• आचारसंहिता कडाईका साथ लागू नहुनु<br>• घरायसी फोहोर बाटोमा फाल्ने गर्नु |
| **अवसर** | **चुनौती** |
| • प्राकृतिक स्रोतको क्षेत्र विस्तारका लागि नगरपालिकाको भौगोलिक क्षेत्र विस्तारको लागि पहल गर्ने<br>• पार्कको पूर्ण विकास गर्ने अवसर<br>• बृक्षारोपण गर्ने क्षेत्र प्रशस्त हुनु | • फोहोर बाटोमा फाल्ने नागरिकको प्रवृति<br>• भौगोलिक क्षेत्र विस्तारमा कठीनाई<br>• आचारसंहिता विपरित भवन निर्माण गर्नर प्रवृति<br>• बर्षेनी नदी कटानको समस्या |

| **५. सुशासन तथा सँस्थागत विकास** | |
|---|---|
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • विभिन्न समयमा क्षमता विकास तालिम संचालन हुनु<br>• नागरिकहरु शिक्षित हुदै जानु<br>• नगर पार्श्वचित्र हुनु<br>• घुम्ती शिवीर संचालन<br>• सबै वडामा ईन्टरनेटको व्यवस्था<br>• अनलाईन पन्जीकरणको व्यवस्था<br>• सार्वजनिक सुनुवाई तथा घरदैलो कार्यक्रम संचालन हुनु<br>• नगरपालिकाको आफ्नो वेवसाईट हुनु<br>• नागरिक वडापत्र हुनु<br>• बार्षिक तथा आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न ५ वटा विषयगत योजना तर्जुमा समिति गठन गरी योजना तर्जुमा अभ्यास शुरु भएको<br>• नगरपालिकाको आफ्नै आन्तरिक आयको स्रोत हुनु<br>• नगर भवन कार्यालय तथा वडा कार्यालयहरु हुनु<br>• कार्यालय संचालनका लागि उपकरणहरु हुनु | • दक्ष जनशक्तिको अभाव<br>• सामाजिक परिक्षण नहुनु<br>• पर्याप्त मात्रामा भौतिक संरचनाको विकास नभएको<br>• चेतनाको कमी<br>• संघीय संरचना अनुसार कर्मचारी र जनप्रतिनिधि वीच तालमेल नहुनु<br>• संचारको पहुँच नहुन<br>• नगरपालिकाको भवन आवश्यकता पूरा गर्ने क्षमताको नहुनु<br>• कतिपय वडाहरु भाडाको भवनमा बसेर काम गरिरहनु<br>• वेवसाईट समय समयमा अद्यावधिक नहुनु<br>• नगर पार्श्वचित्र अद्यावधिक नहुनु<br>• आवश्यक उपकरणको अभाव हुनु |
| **अवसर** | **चुनौती** |
| • ई गभर्नेन्सको मान्यता तर्फ उन्मुख हुनु<br>• सूचना प्रविधि मैत्री हुँदै जानु<br>• पारदर्शिता र जवाफदेहिताले जनता सुसुचित हुँदै जानु<br>• सेवा प्रदायक र सेवाग्राही वीचको सम्बन्धमा सुधार हुँदै जानु | • जनचेतनाको कमी<br>• पर्याप्त मात्रामा भौतिक संरचनाको अभाव<br>• सबैले नयाँ शासन संरचना अनुसार आफुलाई ढाल्न नसक्नु<br>• मानिसहरूमा रहेको अशिक्षा, जातीय तथा लैंगिक भेदभाव<br>• टाठाबाठाहरूको हालीमुहाली र निर्णय प्रक्रियामा उनीहरूको प्रभाव<br>• राजनीतिक हस्तक्षेप, राजनैतिक भागबण्डाको |

# परिच्छेद ३ योजनाको अवधारणा र प्रारुप

## ३.१ दीर्घकालिन सोच तथा उद्देश्य

वस्तुस्थिति विश्लेषण विवरण तथा द्वितीय स्रोतवाट प्राप्त आधार सूचना तथा एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत नगरपालिकाको वस्तुस्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शका आधारमा विकासका संभावना, अग्रणी क्षेत्र र नगरपालिकावासीले चाहेको अवस्थालाई मध्यनजर गर्दै देहायअनुसार दीर्घकालिन सोच तयार गरिएको छ :

**"पर्यटन, उद्योग, व्यापार र शिक्षाः हराभरा बुद्धभुमी सिद्धार्थनगरको इच्छा"**

**स्वस्थ्य, शिक्षित, सम्मानित र सुखी नागरिक बसोबास गर्ने आर्थिक रुपले सक्षम, वातावरणीय रुपले स्वच्छ, विपद र जलवायु उत्थानशिल, पर्यटन, उद्योग, व्यापार र शिक्षामा आधारित हराभरा र समृद्ध बुद्धभूमि सिद्धार्थनगर**

नगरपालिकाको उपरोक्त दीर्घकालिन सोचलाई साकार पार्न पर्यटन, उद्योग, व्यापार र शिक्षालाई उच्च प्राथमिकता दिई देहायअनुसार विकासको निर्देशन सिद्धान्त तय गरिएको छः

१. पर्यटन, उद्योग व्यपार र शिक्षा क्षेत्रमा उच्च प्राथमिकताः गुणस्तरीय शिक्षा, पर्यटन तथा उद्योग व्यापारको विकास, विस्तार र प्रवधर्नद्वारा समृद्धिको आधार तयार गरिनेछ ।

२. स्थानीय अर्थतन्त्रको विकास र विस्तारः संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्धारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ ।

३. व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकासः राष्ट्रिय भू–उपयोग नीति २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू–उपयोगको नीति तर्जुमा तथा पालना अभिबृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ । भूउपयोग नीति अनुसार निर्धारण भूउपयोग क्षेत्रअनुसार हरियाली विकास, फोहोरमैला व्यवस्थापन र प्रदुषण नियन्त्रण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।

४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधारः भू–उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास, पर्यटन तथा औद्योगिक विकास जस्ता विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिबृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा रोजगार, उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा भूमिगत जलश्रोतमा आधारित सिंचाई प्रणाली, रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन, नियम तथा कार्यविधिक अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । कोभिड १९ र सो पश्चातको अवस्थालाई ध्यानमा राखी कृषि उत्पादन,

प्रशोधन र स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित औद्योगिक विकास लगायत आर्थिक पुनलार्भका कार्यक्रम प्राथमिकतासाथ संचालन गरिनेछ।

५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनः वडा कार्यालय तथा नगरपालिका प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ। यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ।

६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः पूर्वाधार निर्माण तथा संचालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ। कृषि पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ। साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिबृद्धि गरिनेछ।

७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्धन : सुशासन, विकास र समृद्धि मुलुक निर्माण अवको कार्यसूचीको रुपमा रहेको छ। यस सन्दर्भमा सुशासन विकास र समृद्धिको पूवसर्तको रुपमा रहेको छ। सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ। राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अबलम्बन र सामाजिक जवाफदेहितासम्बन्धी संयन्त्रहरुको एकीकृत र सचेत अभ्यास गरिने छ। यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी गरिनेछ।

८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापनः विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ। यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ।

## ३.२ लक्ष्य तथा उद्देश्य

यस एकीकृत शहरी विकास योजना नगरपालिकाको दीर्घकालिन सोच प्राप्त गर्ने आधार योजनाको रुपमा रहने छ। नगरपालिकाको दीर्घकालिन सोच तर्फ उन्मुख हुन नगरपालिकाको समष्टिगत विकासको मूल लक्ष्य “भौतिक र आर्थिक रुपमा उन्नत, सामाजिक रुपमा समावेशी, वातावरणीय रुपमा सन्तुलित, दीगो उत्थानशिल नगरको आधार तयार गर्ने” निर्धारण गरिएको छ। नगरपालिकाको दीर्घकालिन सोच अनुरुप योजनाको उपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिइएको छः

- नगरबासीको आय, रोजगारी र उत्पादनमा दीगो बृद्धि गर्नु
- स्वस्थ्य, शिक्षित र जीवनपयोगी सीपयुक्त मानव संशासनको विकास गर्नु
- बसोबास, आवागमन तथा जीवनयापन व्यवस्थित र सहज बनाउनु

- जल, जमीन र हरियाली व्यवस्थापन तथा वातावरणीय स्वच्छता र सन्तुलन कायम गर्नु
- नगरपालिकाको सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बढाउनु

## ३.३ क्षेत्रगत बृहत् उद्देश्यहरु

यस एकीकृत शहरी विकासको योजनाको क्षेत्रगत वृहत उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

### ३.३.१ आर्थिक विकास

पर्यटन र सेवाको प्रवर्धन, उद्योग व्यापार तथा व्यवसायको विकास विस्तार, कृषि तथा पशुजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणबाट रोजगारमूलक स्थानीय अर्थतन्त्रको विकास भई नगरवासीको रोजगारी र आय स्तरमा सुधार भएको हुने।

### ३.३.२ सामाजिक विकास

गुणस्तरीय तथा व्यावसयिक शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाईको सुविधामा पहुँच र उपयोग, नवप्रवर्तन तथा युवा उद्यमशिलता, लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी नगरवासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षा उपलब्ध भएको हुने।

### ३.३.३ भौतिक विकास

आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मत सम्भारबाट नगर विकासमा गतिशीलता आई नगरवासीको सेवा तथा सुविधा प्राप्ति, पहुँच र प्रवाहमा सहज भएको हुने।

### ३.३.४ वातावरणीय सन्तुलन

वन, हरियाली तथा वातावरणीय श्रोतको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्दै, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन उपायहरुको अवलम्बनबाट वातावरणमैत्री हरित, स्वच्छ, सुरक्षित, सुविधायुक्त तथा बसोबासयोग्य व्यवस्थित नगर निर्माण भएको हुने।

### ३.३.५ संस्थागत

विधिको शासन, सदाचारिता, चुस्त तथा प्रभावकारी संगठन संरचना निर्माण, क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाह सहज, गुणस्तरीय र भरपर्दो भएको हुने।

## ३.४ समष्टिगत प्राथमिकता तथा रणनीतिहरु

यस रणनीतिक विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई नगर विकासका प्रयासहरु संचालन गर्ने रणनीति अवलम्बन गरिनेछः

१. साँस्कृतिक, व्यापारिक, कृषि र ग्रामीण पर्यटन व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने
२. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने

३. गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षा प्रवर्द्धन र सुनिश्चित गर्ने
४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा, पर्यटन र संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने
५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने

## ३.५ नतिजा तालिका

नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध रुपमा दीर्घकालिन सोच तथा ध्येय तर्फ उत्मुख तथा अग्रसर गराउन र लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न परिवर्तनको सिद्धान्त अनुसार नतिजामूलक योजनाको ढाँचामा एकीकृत शहरी विकास योजना तर्जुमा गरिएको छ। योजनामा स्थानीय तहको अधिकार क्षेत्रलाई आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र संस्थागत विकास र सुशासन क्षेत्रहरुमा एकीकृत गरिएको छ। परिवर्तनको सिद्धान्त अनुसार तयार गरिएको नगरपालिकाको समष्टिगत विकासको एकीकृत नतिजा तालिका योजनाको पहिलो पाँच बर्ष अवधिका लागि देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका : एकीकृत शहरी विकास योजनाको पहिलो छ बर्ष अवधिको नतिजा तालिका

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकास का लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| **लक्ष्य :** भौतिक र आर्थिक रुपमा उन्नत, सामाजिक रुपमा समावेशी, वातावरणीय रुपमा सन्तुलित, दीगो र उत्थानशिल नगरको आधार तयार गने{ | प्रति परिवार वार्षिक औषत आय | रु. हजारमा | ८ | ११२३ | ११५० | १२०० | १५०० | - अध्ययन/सर्वेक्षण प्रतिवेदन<br>- मूल्याङ्कन प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | |
| | मानव विकास सुचकांक | सुचकांक | १ | ०.४९८ | ०.४९९ | ०.५०० | ०.५५० | | |
| | औषत आयु | वर्ष | ३ | ६८.२९ | ६९ | ७० | ७१ | | |
| | वार्षिक आम्दानीको दुई तिहाई भन्दा बढी रकम खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | २ | ३० | २८ | २५ | २० | | |
| | साक्षर जनसंख्या | प्रतिशत | ४ | ७९ | ८० | ८५ | ९० | | |
| | बेरोजगार जनसंख्या | संख्या | | | | | | | |
| **असर १ :** नगरबासीको आय, रोजगारी र उत्पादनमा दीगो बृद्धी गर्नु | कृषि तथा पशुपालन क्षेत्रमा रोजगार अनुपात | प्रतिशत | २ | ५० | ५० | ४६ | ४० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- मूल्याङ्कन तथा समीक्षा प्रतिवेदन | - कृषि, औद्योगिक र रोजगारी क्षेत्रमा संघ, प्रदेश र विकास साझेदारको लगानी बृद्धि हुनेछ । |
| | उद्योग र व्यवसाय क्षेत्रमा रोजगार अनुपात | प्रतिशत | | ३० | ३० | ३२ | ३५ | | |
| | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार अनुपात | प्रतिशत | | २० | २० | २२ | २५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | सूचक – इकाई | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) – पहिलो वर्ष | लक्ष्य (सम्मको अवस्था) – तेस्रो वर्ष | लक्ष्य (सम्मको अवस्था) – पाँचौ वर्ष | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | वैदेशिक रोजगारीमा गएका व्यक्ति | जना | | | | | | | - जलवायु परिवर्तन र विपदको असर न्युन हुनेछ । |
| | उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ८० | ८० | ९० | १०० | | |
| **प्रतिफल १.१**: कृषिजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण भएको हुनेछ । | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | | ५२ | ५५ | ६० | ६५ | • कृषि, पशुसेवा तथा सहकारीको अभिलेख | • बजेटको उपलब्धता<br>- सिंचाई सुविधा उपलब्ध हुने |
| | साना किसान/उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | | २०० | २१० | २५० | ३०० | | |
| | तरकारी उत्पादन | क्विन्टल | | २२००० | २४००० | २८००० | ३२००० | | |
| | फलफुल उत्पादन | क्विन्टल | | १४४ | १४५ | १५० | १६० | | |
| | नगदे वाली उत्पादन | क्विन्टल | | | | | | | |
| | तेलहन उत्पादन | क्विन्टल | | | | | | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | संचालित कृषि संकलन केन्द्र | संख्या | | १ | १ | २ | ३ | | |
| **प्रतिफल १.२:** सिंचाई सुविधाको विकास तथा उपलब्धता बृद्धि भएको हुनेछ । | जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | रु. हजारमा | २ | १३९ | १५० | २२५ | ३०० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>- सरकारी, गैसस र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ । |
| | १२ है महिना सिंचाई हुने क्षेत्र | विगाहा | | ३२८०० | ३३००० | ३४००० | ३५००० | | |
| | प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) बोरिङ्ग, पम्पसेट | प्रकार | | २ | २ | ३ | ३ | | |
| **प्रतिफल १.३:** पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यवसायीकरण र विविधीकरण भएको हुनेछ । | कुखुरा एवं पन्छीको बार्षिक मासु उत्पादन | मे. टन | १००० | १२०० | २००० | ३००० | १००० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - कृषि विकास रणनीति कार्यान्वयन हुनेछ ।<br>- पशु सेवा र प्रविधी प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ<br>- जलवायु परिवर्तन तथा विपद असर न्यून हुनेछ । |
| | सुँगुर वा वंगुरको बार्षिक मासु उत्पादन | मे. टन | १०० | २०० | ३०० | ४०० | १०० | | |
| | माछाको बार्षिक उत्पादन | मे. टन | २०० | ३०० | ४०० | ६०० | २०० | | |
| | खसी, वोकाको बार्षिक मासु उत्पादन | मे. टन | ३०० | ४०० | ५०० | ८०० | ३०० | | |
| | राँगाको बार्षिक मासु उत्पादन | मे. टन | | ४०० | ५०० | ८०० | १००० | | |
| | बार्षिक दूध उत्पादन | लाख लिटर | | ३२४०००० | ३५५०००० | ५००००00 | ६०००००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | उन्नत घाँसको उत्पादन क्षेत्र | कठ्ठा | | ० | ३० | ५० | १०० | | |
| **प्रतिफल १.४**: पर्यटकीय आवागमन र सेवा सुविधामा दीगो बृद्धि भएको हुनेछ । | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | 8, 9 | ० | ५ | ७ | १३ | - कार्यालयको अभिलेख<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | • बजेटको उपलब्ध हुनेछ<br>• संघीय सरकारबाट अनुदान प्राप्त हुनेछ।<br>• निजी क्षेत्र लगानीका लागि तयार हुनेछ।<br>- |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | | | १ | ४ | ९ | | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | | १५ | १५ | २० | २५ | | |
| | स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | | १५ | १५ | २० | २५ | | |
| **प्रतिफल १.५:** स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको | उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | | | | | | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - उद्यम तथा व्यापार प्रवर्धन सम्बन्धी संघीय प्रदेश तथा स्थानीय कानून तथा नीति तत्काल तर्जुमा भई कार्यान्वयन हुनेछ। |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ९ | २८९८ | ३००० | ४००० | ६००० | | |
| | चालु लघु उद्योग | संख्या | | ५२६ | ६०० | ८०० | १००० | | |
| | चालु घरेलु उद्योग | संख्या | | | | | | | |
| | चालू साना उद्योग | संख्या | | | | | | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| सिर्जना र विकास भएको हुनेछ। | व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | | | | | | | - औद्योगिक विकास नीति तर्जुमा हुनेछ। |
| **प्रतिफल १.६**: वित्तीय तथा व्यावसाय विकास सेवा उपलब्धता र पहुँचमा बृद्धि भएको हुनेछ। | सहकारी तथा वित्तीय संस्थामा आवद्ध घरपरिवार | संख्या | | ४०००० | ५०००० | ७०००० | ७५००० | • राजस्व तथा वित्तीय प्रशासन शाखाको अभिलेख<br>• योजना, अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन तथा अभिलेख | • राजनीतिक स्थायित्व हुनेछ।<br>• पर्याप्त बजेट उपलब्धतता राजस्व परिचालन हुनेछ। |
| | बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रु. लाखमा | ८ /१० | | | | | | |
| **असर २**: स्वस्थ्य, शिक्षित र जीवनपयोगी | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | | २४३०३ | २४४०० | २५००० | २६००० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन | - सामाजिक विकास र सेवा सम्बन्धी संघ, प्रदेश र |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | २२९३ | २४०० | २७०० | ३००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| सीपयुक्त मानव संशासनको विकास गर्नु | अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | | ३० | ३० | २५ | २० | - प्रगति/अनुगमन प्रतिवेदन<br>- मूल्याङ्कन तथा समीक्षा प्रतिवेदन<br>- EMIS प्रतिवेदन | स्थानीय नीति र कानून तर्जुमा हुनेछ<br>- सरकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित कार्यक्रममा निरन्तरता हुनेछ। |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य संस्था/ अस्पताल जाने जनसंख्या | प्रतिशत | | ८० | ८० | ८५ | ९० | | |
| | कक्षा १० को जिपिए औसत | प्रतिशत | | C | C+ | B | B+ | | |
| | सरकारी, गैर सरकारी र निजी क्षेत्रमा रोजगार | जना | | | | | | | |
| **प्रतिफल २.१:**<br>विद्यालय शिक्षाको गुणस्तर र प्राविधिक तथा उच्च शिक्षामा | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | १२०० | १२५० | १६०० | २००० | - आधारभूत र माध्यमिक शिक्षा कार्यालयको अभिलेख<br>- सामाजिक विकास शाखाको | - संघ, प्रदेश र स्थानीय तह बीच शिक्षा नीति, ऐन र कार्यविधिमा सामाजस्यता कायम हुनेछ।<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका |
| | विद्यालय वाहिर रहेका (५–१५ वर्ष) बालबालिका | प्रतिशत | ४ | ४ | ३ | २ | १ | | |
| | प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४–५ बर्षका बालबालिका | जना | | ३८३ | ४०० | ९०० | १५०० | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | | १०० | | | | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| पहुँच बृद्धि भएको हुनेछ। | कक्षा १० को निरन्तरता दर | प्रतिशत | | ७६ | ७७ | ८२ | ९० | अभिलेख तथा प्रतिवेदन | सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | बालमैत्री सिकाई विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | | १०० | | | | | |
| | महिलाको साक्षरता दर | प्रतिशत | | ६१ | ६५ | ८० | ९५ | | |
| **प्रतिफल २.२ :** आधारभूत स्वास्थ्य सेवा सुविधा तथा पोषण सुरक्षामा अभिबृद्धि भएको हुनेछ। | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ३ | १२ | ८ | ४ | ० | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- HMIS प्रतिवेदन<br>- राष्ट्रिय स्वास्थ्य सर्भे प्रतिवेदन | - सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ।<br>- राजनीतिक प्रतिबद्धता तथा स्थानीय तहका सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | | १० | १० | १५ | २५ | | |
| | जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | | १२ | १२ | ९ | ५ | | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | | ६२ | ६५ | ७५ | ९० | | |
| | झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | | ६ | ६ | ४ | २ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | स्वाशप्रश्वासको संक्रमण (ब्च्क्ष्) दर (प्रति हजारमा) | जना | | ६.५ | ६ | ४ | ३ | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | | १० | १२ | १८ | २५ | | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | १०० | | | | | |
| | आधारभुत सुविधा उपलब्ध स्वास्थ्य संस्था | संख्या | | ३ | ५ | ९ | १३ | | |
| **प्रतिफल २.३:** स्वच्छ खानेपानी सुविधा तथा स्वच्छता अभिवृद्धि भएको हुनेछ। | निजीधारा उपलब्ध घरपरिवार | प्रतिशत | ६ | ९० | ९० | ९२ | ९५ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन<br>- आयोजना प्रभाव मूल्याङ्कन प्रतिवेदन | - संघ, प्रदेश र गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | बर्षातको पानी संकलन गर्ने घरपरिवार | संख्या | | ० | ५० | २०० | ५०० | | |
| | पाइपलाइन वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | | ४० | ४२ | ४६ | ५० | | |
| | सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ६ | ७० | ७० | ८० | ९० | | |
| | जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने | प्रतिशत | | ७० | ७२ | ८० | ९० | | |

<table>
<tr><th rowspan="3">नतिजा श्रृङ्खला</th><th colspan="8">सूचक तथा पुष्ट्याईका आधारहरु</th><th>जोखिम पक्ष तथा पूर्वानुमान</th></tr>
<tr><th colspan="2">सूचक</th><th rowspan="2">दिगो विकासका लक्ष्य</th><th rowspan="2">आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था)</th><th colspan="3">लक्ष्य (सम्मको अवस्था)</th><th>पुष्ट्याईका आधारहरु</th><th></th></tr>
<tr><th>विवरण</th><th>इकाई</th><th>पहिलो वर्ष</th><th>तेस्रो वर्ष</th><th>पाँचौ वर्ष</th><th></th><th></th></tr>
<tr><td rowspan="2"></td><td>फोहोर विसर्जन स्थल भएको घरपरिवार</td><td>प्रतिशत</td><td></td><td>१०</td><td>१२</td><td>२०</td><td>३०</td><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार</td><td>प्रतिशत</td><td>१२</td><td>१०</td><td>१२</td><td>२०</td><td>३०</td></tr>
<tr><td rowspan="4">प्रतिफल २.४: बालबालिका, महिला तथा अन्य लक्षित वर्गको सशक्तीकरण र शासन प्रक्रियामा मूलप्रवाहीकरण भएको हुनेछ ।</td><td>नेतृत्वदायी पदमा महिला र लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना</td><td>प्रतिशत</td><td>५</td><td>१०</td><td>१५</td><td>२०</td><td>३३</td><td rowspan="4">- वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन</td><td rowspan="4">- संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- सामाजिक सुरक्षा तथा सकारात्मक विभेद नीति र लक्षित वर्ग कार्यक्रमको निरन्तरता हुनेछ ।</td></tr>
<tr><td>सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति</td><td>संख्या</td><td></td><td>४४</td><td>५०</td><td>१००</td><td>२००</td></tr>
<tr><td>व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला</td><td>संख्या</td><td></td><td>२५०</td><td>२५०</td><td>५००</td><td>१०००</td></tr>
<tr><td>घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार</td><td>प्रतिशत</td><td></td><td>८०</td><td>८०</td><td>८५</td><td>९०</td></tr>
<tr><td rowspan="2">प्रतिफल २.५: युवा वर्गको क्रियाशीलता,</td><td>सक्रिय युवाक्लब, संजाल तथा संस्था</td><td>संख्या</td><td></td><td>२०</td><td>४०</td><td>१००</td><td></td><td rowspan="2">-</td><td rowspan="2">-</td></tr>
<tr><td>क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा</td><td>संख्या</td><td></td><td>३००</td><td>७००</td><td>३०००</td><td></td></tr>
</table>

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| सिर्जनशीलता र उद्यमशीलतामा अभिबृद्धि भएको हुनेछ। | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | | | | | | | |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | | १ | १ | २ | २ | | |
| | जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | | ४ | ४ | १० | १२ | | |
| **प्रतिफल २.६**: स्थानीय कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन भएको हुनेछ। | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | विषय | | १ | १ | ३ | ५ | - | - |
| | संरक्षित ऐतिहासिक सार्वजनिक पोखरी | संख्या | | ४ | ५ | ९ | १३ | | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | | २ | २ | ३ | ५ | | |
| असर ३: बसोबास, आवागमन तथा | सडक संजाल | कि.मि. | | २२६.२५ | २३० | २७१ | २८० | - पूर्वाधार विकास शाखाको | - बजेटको उपलब्ध हुनेछ<br>- योजना अनुसारको बजेट व्यवस्था |
| | पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | | ३० | ३० | २० | १० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | सूचक – इकाई | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) – पहिलो वर्ष | लक्ष्य – तेस्रो वर्ष | लक्ष्य – पाँचौ वर्ष | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| जीवनयापन व्यवस्थित र सहज बनाउनु | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | | १२१ | १३० | १५० | २८० | अभिलेख तथा प्रगति विवरण,<br>- आर्थिक विकास शाखाको अभिलेख तथा प्रगति विवरण<br>- नगर स्थिति पत्र (प्रोफाइल) | - काम प्रभावकारी तवरले हुनेछ ।<br>- जनसहभागिता सुनिश्चित हुने<br>- राजनीतिक स्थायित्व<br>- बन्द हडताल हुने छैनन ।<br>- निजी क्षेत्रको सहभागिता |
| | पक्की घरमा बसोबास गर्ने परिवार | संख्या | | | | | | | |
| | स्वस्थ्य उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ३० | ३५ | ५० | ७० | | |
| **प्रतिफल ३.१**: नगर क्षेत्रमा यातायात सेवा सुचार र सहज भएको हुनेछ। | पक्की सडक | कि.मि. | | ९५ | १०० | १२५ | १५० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन | - संघ, प्रदेश र गैर सरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ। |
| | ग्राभेल सडक | कि.मि. | | १२९ | १३२ | १४० | १५० | | |
| | पक्की पुल | संख्या | | १५ | १६ | २० | २५ | | |
| | सूचारु ४ पाँग्रे सार्वजनिक सवारी साधन | संख्या | | ३५ | ४० | ६० | १०० | | |
| | नियमित मर्मत संभार भएको सडक | लम्बाई | | १० | १० | ५० | १०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | | ९५ | १०० | १२५ | १५० | | |
| **प्रतिफल ३.२**: सबैका लागि सुरक्षित आवास तथा शहरी सुविधामा बृद्धि भएको हुनेछ। | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | | ० | १ | १ | २ | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ<br>- स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ।<br>- समुदायको योगदान र निगरानीमा बृद्धि हुनेछ। |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | | ४० | ४० | ६० | ८० | | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | | ४० | ५० | ६५ | ८० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | | २० | २५ | ४० | ६० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | | २० | २५ | ३५ | ५० | | |
| | व्यवस्थित नालाको लम्बाई | कि.मि. | | ३०१ | ३१० | ३१५ | ३२० | | |
| | चट्याङ रहित घर निर्माण | प्रतिशत | | ० | १० | २५ | ४० | | |
| | सडक वत्ती जडान भएका स्थान | संख्या | | ४०२५ | ४३०० | ४५०० | ५००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| प्रतिफल ३.३: विद्युत तथा वैकल्पिक उर्जाको विकास र विस्तारमा बृद्धि भएको हुनेछ। | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | ७ | ९२ | ९३ | ९५ | १०० | - वस्तुस्थिति विवरण<br>- अध्ययन तथा सर्वेक्षण<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - स्वच्छ उर्जा उत्पादन र उपयोग संघीय नीति र कानून तर्जुमा हुनेछ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | विद्युतीय सवारी साधनको प्रयोग दर | प्रतिशत | | ५ | १० | २० | ४० | | |
| | धुवारहित चुल्हो जडान भएका परिवार | प्रतिशत | | | | | | | |
| | सोलार प्रणाली भएका घरपरिवार | संख्या | ७ | ० | १००० | ५००० | १००० | | |
| **प्रतिफल ३.४**: सूचना र संचार सुविधाको विस्तार उपलब्धतामा बृद्धि भएको हुनेछ। | टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | | ५० | ६० | ८० | १०० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | ६० | ६५ | ८० | १०० | | |
| | टेलिफोन/मोबाइल प्रयोगकर्ता | प्रतिशत | | ८० | ८२ | ९० | ९५ | | |
| | स्थानीय स्तरमा भएका प्रकाशन र प्रसारण | संख्या | | २ | ३ | ६ | १० | | |
| | ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | प्रतिशत | | ६० | ७० | ८५ | १०० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| **असर ४:** जन, जमीन र हरियाली व्यवस्थापन तथा वातावरणीय स्वच्छता र सन्तुलन कायम गर्नु | वन पैदावरको विक्रीबाट प्राप्त बार्षिक शुल्क | रु. हजारमा | १५ | ० | ५० | १०० | २०० | - कार्यालयको अभिलेख<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | • Budget is available<br>• People actively participate in waste management program.<br>- GoN is willing to address and budget is available |
| | दहत्तर बहत्तर र जराजुरी विक्री शुल्क | रु. हजारमा | | ० | २५ | ५० | १०० | | |
| | रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | | ५ | ६ | १० | २५ | | |
| | संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | | | | | | | |
| | विपद्बाट प्रभावित घरपरिवार (२०७५/७६) | संख्या | १३ | २०० | २०० | १५० | १०० | | |
| | अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | | ४५ | ४० | ३० | २० | | |
| **प्रतिफल ४.१: हरियाली क्षेत्र र वनजन्य उत्वादनमा बृद्धि भएको हुनेछ।** | उत्पादित काठ | टन | | | | | | • Records of Forest, Environment and Disaster Management | • Budget is available<br>• People actively participate in awareness program.<br>- GoN is willing to address the environment issues |
| | उत्पादित गैहकाष्ठ वन पैदावर | के.जि. | | | | | | | |
| | वनमा आधारित उद्योग व्यवसाय | संख्या | | ९ | १० | १५ | २० | | |
| | दर्ता निजी वन क्षेत्र | हेक्टर | | ० | १ | ३ | ७ | | |
| | वनमाआधारित उद्यम, व्यापारमा संलग्न परिवार | संख्या | | ३० | ५० | १५० | २०० | | |
| | वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | | २ | ३ | ६ | १० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | | २० | ३० | ६० | १०० | Division & Land management | |
| **प्रतिफल ४.२:** संरक्षणका प्रयासमा अभिबृद्धी र वातावरणीय जोखिम कमी आएको हुनेछ। | संरक्षित बाढी संवेदनशील क्षेत्र | संख्या | १ | २ | ३ | ५ | १ | - डि.व.का.को प्रगति प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघ, प्रदेश, ग<br>- गैसस र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | | ० | २ | ६ | १० | | |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि. | | १० | ३० | ४० | ६० | | |
| | संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | | ७ | ८ | १० | १३ | | |
| **प्रतिफल ४.३:** पर्यावरणीय स्वच्छता, सुन्दरता र स्वच्छ | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | | ७ | ७ | ८ | १३ | - डि.व.का.को प्रगति प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी बृद्धि हुनेछ। |
| | कम्पोष्ट–विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | | १० | १५ | ३० | ६० | | |
| | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | | ४० | ३५ | ३० | २० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| व्यवहारमा अभिबृद्धि भएको हुनेछ। | संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | | ६ | ६ | ८ | १० | - प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - जलवायु परिवर्तनको असरसँग अनुकुलन क्षमता अभिबृद्धि हुनेछ |
| | स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/ नभएका | | नभएको | भएको | भएको | भएको | | |
| | नयाँ घर एक विरुवा अभियानबाट रोपिएका विरुवा | नभएको | | २०० | ५०० | १५०० | ३००० | | |
| **प्रतिफल ४.४:** विपद जोखिम र सो को असर न्यूनीकरण भएको हुनेछ। | बहु प्रकोप जोखिम नक्शांकन | संख्या | | ० | १ | ३ | ५ | - वस्तुस्थिति विवरण<br>- सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- जलवायु परिवर्तनको असर र विपद जोखिम न्यूनीकरण हुनेछ। |
| | तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | | | १० | २० | ३० | | |
| | दाउरा तथा गुइठाको प्रयोग दर | प्रतिशत | | | | | | | |
| | सङ्कटासन्नता र क्षमता विश्लेषण र योजना तर्जुमा | भए/ नभएको | | नभएको | भएको | भएको | भएको | | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | | ० | १ | २ | ३ | | |
| | बाढी पूर्व सूचना प्रणाली जडान स्थान | संख्या | | ० | ० | १ | २ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | स्थानीय विपद व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | | ० | १५ | ३० | ५० | | |
| | विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. हजारमा | | | | | | | |
| | सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | प्रतिशत | | ८२ | ८५ | ९० | ९४ | | |
| **असर ५:** नगरपालिकाको सेवा प्रवाह, कार्यसम्पादन र जवाफदेहिताको स्तर बढाउनु | नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | १६ | ६० | ७० | ८० | ९० | • Records of General Administration Division.<br>• Planning, Monitoring and | • Budget is available<br>• Support is available from donor agency.<br>- Financial support is available from the ministry. |
| | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु. हजार | | ०,१ | ०,१५ | ०,२ | ०,२५ | | |
| | सशक्त ीकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न, पिछडिएको र लक्षित वर्ग | घरधुरी | | १५० | ५० | ५० | ५० | | |
| | न.पा उपलब्ध प्राविधिक मानव संशाधन | संख्या | | १० | १२ | १४ | १६ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | नगरपालिका क्रियाश◌ील तथा साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | | ३० | ३५ | ४० | ५० | Evaluation Division documentation | |
| **प्रतिफल ५.१:** स्थानीय नीति तथा कानुन तर्जुम◌ा र पालनामा बृद्धि भएको हुनेछ । | नगरपालिकाले स्वीकृत गरेका नीति र कानून | | | | | | | - साझा अधिकार क्षेत्रका विषयमा संघीय तथा प्रादेशिक नीति र कानून तर्जुमा हुनेछ । | - साझा अधिकार क्षेत्रका विषयमा संघीय तथा प्रादेशिक नीति र कानून तर्जुमा हुनेछ । |
| | • ऐन | संख्या | | ८ | २ | २ | २ | | |
| | • नियम तथा विनियम | संख्या | | ४ | २ | २ | २ | | |
| | • निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | | १० | ३ | ३ | ४ | | |
| | क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | | ६ | २ | २ | २ | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | | २ | १ | १ | १ | | |
| | स्थानीय नीति, कानून र योजना प्रक्रियाम नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | | 2 | 3 | 4 | 5 | | |

| **नतिजा श्रृङ्खला** | **सूचक तथा पुष्ट्याईका आधारहरु** | | | | | | | | **जोखिम पक्ष तथा पूर्वानुमान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सूचक** | | **दिगो विकासका लक्ष्य** | **आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था)** | **लक्ष्य (सम्मको अवस्था)** | | | **पुष्ट्याईका आधारहरु** | |
| | **विवरण** | **इकाई** | | | **पहिलो वर्ष** | **तेस्रो वर्ष** | **पाँचौ वर्ष** | | |
| | पेश भएका नीति, योजना तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख प्रतिशत | प्रतिशत | | ९० | ९५ | ९७ | १०० | | |
| | नगरपालिका पेश भएका नीति, योजना तथा सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो अभिलेख | प्रतिशत | | ७५ | ८५ | ९० | ९५ | | |
| **प्रतिफल ५.२:** स्थानीय सेवा व्यवस्थापन, संगठन तथा क्षमता विकासमा अभिबृद्धि भएको हुनेछ। | नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | | २७५ | ३०० | ३५० | ४५० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- समीक्षा प्रतिवेदन | - स्वीकृत संरचना र दरबन्दी अनुसार कर्मचारीको पदपूर्ती हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ। |
| | नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | | ९ | ११ | १३ | १३ | | |
| | सेवा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, महिला र बालबालिका, वातावरण, सरसफाई आदि) | संख्या | | २ | ५ | १० | १३ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | सूचक – इकाई | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) – पहिलो वर्ष | लक्ष्य (सम्मको अवस्था) – तेस्रो वर्ष | लक्ष्य (सम्मको अवस्था) – पाँचौ वर्ष | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई (वार्षिक) | संख्या | | १ | २ | ३ | ३ | | - सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | संचालित स्थानीय शासन, योजना तर्जुमा र सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | | ० | ५ | ७ | ९ | | |
| | जवाफदेहिता, क्षमता विकास कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | वटा | | ० | ५ | ७ | ९ | | |
| **प्रतिफल ५.३:** आन्तरिक तथा वाह्य श्रोत परिचालन बृद्धि र व्यवस्थित भएको हुनेछ। | नगरपालिकाको बार्षिक आन्तरिक आय रकम | रु. हजारमा | | १२०,००० | १४०,००० | १७०,००० | २५०,००० | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन<br>- समीक्षा प्रतिवदेन | - संघीय तथा प्रदेश राजस्व कानून उपलब्ध हुने सो अनुसार स्थानीय कानून तर्जुमा हुनेछ। |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु. हजारमा | | १००,००० | १२०,००० | १४०,००० | १७०,००० | | |
| | वित्तीय समानीकरण अनुदान | रु. हजारमा | | १८१,२०० | २००,२०० | २२०,२०० | २५०,००० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु: सूचक – विवरण | सूचक – इकाई | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) – पहिलो वर्ष | लक्ष्य (सम्मको अवस्था) – तेस्रो वर्ष | लक्ष्य (सम्मको अवस्था) – पाँचौ वर्ष | पुष्ट्याईका आधारहरु | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिकाको कूल बार्षिक बजेट | रु. हजारमा | | ४०१,२०० | ४६०,२०० | ५३०,२०० | ६२०,००० | | - संघ, प्रदेश, विकास साझेदार, गैसस र समुदायको लगानी आकर्षण हुनेछ। <br> - अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ <br> - वन, वातावरण नीतिको पालना हुनेछ। |
| | बार्षिक वास्तविक खर्च रकम | प्रतिशत | | ७५ | ८० | ८५ | ९० | | |
| | समपुरक तथा विशेष अनुदान रकम | रु. हजारमा | | २०,००० | २५,००० | ३०,००० | ३५,००० | | |
| | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम | रु. हजारमा | | ०० | १००० | १५०० | २००० | | |
| | समुदायको लगानी तथा योगदान रकम | रु. हजारमा | | ०० | १००० | १५०० | २००० | | |
| | निजी क्षेत्रको लगानी | रु. हजारमा | | ०० | १००० | १५०० | २००० | | |
| | लक्षित वर्ग बजेट प्रतिशत | रु. हजारमा | | १० | १५ | २० | २५ | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| **प्रतिफल ५.४:** नगरपालिकाको विकास व्यवस्थापन सूचना तथा प्रविधिमैत्री, नतिजामूलक र व्यवस्थित भएको हुनेछ। | खण्डीकृत विषयगत तथा श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | | नभएको | भएको | भएको | भएको | - सर्वेक्षण प्रतिवेदन<br>- प्रगति/अनुगमन प्रतिवेदन<br>- वित्तीय प्रतिवेदन | - संघीय प्रणाली अनुसार संघ, प्रदेश र स्थानीय नीति र कानून तर्जुमा हुनेछ।<br>- संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि हुनेछ।<br>- अन्तर सरकार, नागरिक समाज र समुदायको सहकार्य र साझेदारीमा बृद्धि हुनेछ। |
| | स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | | ० | १ | २ | ३ | | |
| | स्वीकृत स्थानीय रणनीतिक/गुरुयोजना | विषय क्षेत्र | | १ | २ | ३ | ४ | | |
| | नतिजामूलक ढाँचामा एककृत शहरीयोजना तर्जुमा | भए/नभएको | | भएको | भएको | भएको | भएको | | |
| | अनुगमन तथा मूल्याङ्गन ढाँचा तथा योजना | भए/नभएको | | भएको | भएको | भएको | भएको | | |
| | कूल आयोजना मध्ये समयमा र गुणस्तरीय रुपमा कार्यान्वयन भएका आयोजना अनुपात | प्रतिशत | | ५० | ५० | ६० | ८० | | |
| | समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | | ८० | ८५ | ९० | ९० | | |

| नतिजा श्रृङ्खला | सूचक तथा पुष्ट्याईका आधारहरु | | | | | | | | जोखिम पक्ष तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | | दिगो विकासका लक्ष्य | आधाररेखा -आ.व. ०७६/०७७ सम्मको अवस्था) | लक्ष्य (सम्मको अवस्था) | | | पुष्ट्याईका आधारहरु | |
| | विवरण | इकाई | | | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | | २० | २५ | ३० | ३५ | | |
| | नपाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | | ३ | ३ | ४ | ५ | | |
| | योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | | ७० | ७५ | ८० | ८५ | | |
| क्र.सं. | प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम | | | | | | | | - |
| | दस्तावेजको परिच्छेद ४, ५, ६, ७ र ८ मा प्रस्तुत छ। | बजेट | | | | | | - | - |

# परिच्छेद ४ आर्थिक विकास योजना

## ४.१ पृष्टभूमि

विगत एक दशकभन्दा लामो राजनीतिक अस्थिरताका कारणले यो नगरपालिकाको मात्र नभएर समग्र नेपालको विकास निकै पछाडि परेको यथार्थ सबैका सामु छर्लङ्ग छ । वर्तमान अवस्थामा राजनीतिक स्थिरता कायम हुन सकेकोले जनताको मुख्य आवश्यकता आर्थिक विकास नै हो भन्ने केन्द्र सरकारको ठम्म्याई रहेको देखिन्छ । त्यसैले वर्तमान सरकार गठन हुनासाथ **'सम्बृद्ध नेपाल र सुखी नेपाली'**को नारा अगाडि सारेको अवस्थाछ । देशमा आएको राजनीतिक स्थिरताको जगमा आर्थिक उन्नतिमा फड्को मार्नु नै वर्तमान सरकारको प्राथमिकता रहेको देखिन्छ । यस प्रकारको राष्ट्रिय परिवेशमा तर्जुमा हुन लागेको सिद्धार्थनगर नगरपालिकाको यो एकीकृत शहरी विकास योजनामा पनि आर्थिक विकासको क्षेत्र सबैभन्दा बढी महत्वपूर्ण मानिएको छ ।

यो स्वतः स्पष्ट छ कि हरेक व्यक्तिले प्रत्यक्ष रूपमा आम्दानी बढाउन सक्ने अवस्था नआएसम्म सम्बृद्धि प्राप्त भएको मान्न सकिदैन । यसै पृष्टभूमिलाई आत्मसातगरी एकीकृत शहरी विकास योजना तर्जुमाका लागि भएका नगर तथा वार्डस्तरीय गोष्ठीहरूबाट आएका विचार र जानकारीहरू तथा बिषयगत विज्ञहरूको स्थलगत अवलोकनका आधारमा सिद्धार्थनगर नगरपालिकाको कृषि, सिंचाई, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रका संभावना तथा अवसरहरूको विश्लेषण यस प्रकार रहेको छः

## ४.२ कृषि

नगरपालिकाका अधिकांश बासिन्दाहरूको आम्दानीको मुख्यस्रोत कृषि रहेको देखिन्छ । आम्दानीका अन्य स्रोतहरूमध्ये बन्द व्यापार, उद्योग धन्दा, वैदेशिक रोजगारी तथा नोकरी नै हुन । यस नगरपालिकामा हालसम्मको कृषि प्रणालीलाई हेर्दा लगभग प्राय सबै किसानले निर्वाहमुखी कृषिको अभ्यास गरेको देखिन्छ । यो अवस्थालाई परिवर्तन गरी उत्पादनमूलक कृषि प्रणालीको विकासमा स्थानीय तहवाटै जोड दिनु पर्ने देखिन्छ । विगतका बर्षहरूमा पनि राज्यले कृषिको विकासका लागि लगानी नगरेको हैन तर आधुनिक कृषि प्रणालीको ज्ञान, दक्ष जनशक्ति, श्रोत तथा साधनको अभावले गर्दा कृषि उत्पादनमा उल्लेख्य रूपमा प्रगति भएको देखिदैन । कृषि क्षेत्रलाई आर्थिक मेरुदण्डको रूपमा विकास गरी देशलाई योगदान पुऱ्याउनको लागि तल उल्लेखित वुँदाहरूको विस्तृत अध्ययन र अवलम्वन गर्न आवश्यक देखिन्छ ।

(क) **पकेटक्षेत्र केन्द्रित विकासः** यहाँ व्यावसायिक तरकारी खेती, माछापालन, फलफुल बगैंचा, आलु उत्पादन, आदिको विशेष सम्भावना रहेकाले योजना निर्माण गर्दा उक्त क्षेत्रसँग सम्बन्धित स्वरोजगारमुखी सिप विकास र आय आर्जनमा ध्यान दिनुपर्ने देखिन्छ । यस्ता उत्पादनका लागि सम्भावित क्षेत्रहरूको पहिचान गरी नगदे तथा तरकारी वालीको पकेट क्षेत्रहरूको घोषणा गर्न आवश्यक छ । त्यस्ता पकेट क्षेत्रहरूमा उल्लेख्य संख्याका कृषकहरूलाई सम्भाव्य खेती गर्नका लागि आवश्यक पर्ने सबै प्रकारका सहयोग उपलव्ध गराई निरन्तर रूपमा प्राविधिक सहयोग गर्ने नीति लिन आवश्यक देखिन्छ ।

**(ख) कृषिको आधुनिकीकरणः** कृषिमा आधुनिकीकरण नगरी निर्वाहामुखी कृषि प्रणालीबाट किसानहरुको जीवनस्तर उकास्न सकिदैन । कृषिको आधुनिकीकरण गर्नका लागि नयाँ प्रविधिको प्रयोग गर्नु पर्ने हुन्छ । बजारमा

उपलब्ध सबै प्रविधिहरु सबै ठाउँमा उपयोगी नहुन सक्तछन् । त्यसैले भौगोलिक क्षेत्र, कृषकको लगानी गर्ने क्षमता, उत्पादन हुनसक्ने मात्रा, उत्पादित बस्तुको बजार, त्यस्तो प्रविधिको निरन्तरता हुने सम्भावना, त्यस्तो प्रविधि अपनाउनका लागि आवश्यक पर्ने ज्ञान, सीप, आदि लाई बिचार गरी प्रविधिहरू अपनाउन जरुरी छ । यस्ता प्रविधिहरूको मद्दतले कृषि उत्पादनमा व्यवसायीकरण भई कृषि उत्पादनमा बृद्धि हुने र आय स्तरमा बृद्धि भई किसानहरुको सम्बृद्धि प्राप्तीको दिशामा सघाउ पुग्न जानेछ ।

**(ग) कृषि र पशुपालनको एकीकरण:** कृषि र पशुपालनको एउटै सिक्काका दुईटा पाटा हुन् । एउटाको विकास विना अर्काको अस्तित्व रहंदैन । हाल अभ्यास गरिएको पशुपालन खासै उत्पादनमूलक छैनन् तर प्राङगारिक मलकालागि पनि पशुपालन गर्नु पर्ने किसानहरू बताउँछन् । पशुपालन नगर्ने कृषकले तरकारी खेती गर्न खोज्यो भने सम्भव नै हुंदैन किनभने राम्रो कम्पोष्ट मल नभएमा तरकारी खेती हुंदैन र पशुपालन नगरेमा राम्रो कम्पोष्ट मल उत्पादन गर्न सकिदैन । यसैले कृषि र पशुपालनलाई एकीकृत रुपमा संचालन गर्न सकिएमा यसबाट अपेक्षित उपलब्धी प्राप्त गर्न सजिलो पर्दछ ।

**(घ) कीटनाशक औषधी:** जलवायु परिवर्तनका कारणले तापक्रममा बृद्धि भै कृषि क्षेत्रमा रोग र किराको प्रकोप बढिरहेको तथ्य सबैका सामु छ । रोग किरा रोकथामका लागि प्रयोग गरिने कीटनाशक औषधिहरूको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्यमा हुने हानी नोक्सानी बढ्ने क्रम पनि यथावत छ । बिगतको कृषि प्रणालीलाई हेर्ने हो भने यस्ता कीटनाशक औषधिको प्रयोग थिएन र सबै कृषि उत्पादनहरू जैबिक प्रणालीमा आधारित (अर्गानिक) थिए । वर्तमान अवस्थाको आवश्यकता सुरक्षित उत्पादन बृद्धि हो । कीटनाशक औषधिको प्रयोग नगर्दा उत्पादन सुरक्षित हुन सक्ला तर उत्पादन बढाउने सम्भावना कम रहन्छ किनभने रोग र किराको आक्रमण बढिरहेको छ । त्यसैले किसानको उत्पादन नघट्ने गरी रोग र किरा नियन्त्रणका जैविक उपायहरूको खोजी गरी कीटनाशक औषधीको प्रयोगलाई क्रमशः घटाउने तरिकाहरू अपनाउन आवश्यक छ ।

**(ङ) उन्नत जातको विऊविजन:** कृषि क्षेत्रको उत्पादकत्व बढाउँदै उत्पादनको मात्रा बढाउनु आजको राष्ट्रिय आवश्यकता हो । त्यसकालागि बर्षौदेखि कृषि क्षेत्रमा प्रशस्त अध्ययन र अनुसन्धानहरू भएका छन् । धैरै प्रकारका उन्नत विऊ विजनहरू बजारमा आएका छन् । त्यस्ता विऊ विजनहरूका बारेमा प्रचार प्रसार गरी वास्तविक किसानसम्म पुऱ्याउने माध्यमको रूपमा काम गर्ने कृषि प्राविधिकहरूको विगतमा पनि अभाव नै थियो र हालको संघीय संरचनामा अझै बढी अभाव हुने सम्भावनाहरू देखिन्छन् । त्यस्ता प्राविधिकहरू पनि परम्परागत सोचबाट ग्रसित छन् । त्यसैले नगरपालिकाले भविष्यमा सबै वडाहरुमा नविनतम सोच र धारणा भएका कृषि प्राविधिकको उपलव्धतालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यस्ता प्राविधिक मार्फत उन्नत विऊविजनको प्रचार प्रसार, नमूना प्रदर्शन र कृषकले चाहना गरेको बिऊविजन र प्राविधिक सहयोग सजिलै उपलव्ध हुन सक्ने वातावरण बनाउनु पर्ने हुन्छ । यसका लागि एग्रो–भेट तथा मलखाद आपूर्तिगर्ने नीजि क्षेत्रलाई पनि साथै अगाडि लानु पर्दछ ।

**(च) बजारीकरण:** कृषिमा आधुनिकीकरण भनेको निर्वाहका लागि मात्र नभएर एउटा वा दुईटा फसल बढी उत्पादन गरी बिक्री गर्नकालागि हो भन्ने बुझ्न आवश्यक छ । यस नगरपालिकाले कुन उत्पादन कहाँ र कति समयको अन्तरालमा बिक्री गर्न सकिन्छ भन्ने आँकलन गरेर मात्र कृषि क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ । उदाहरणका लागि तरकारी उत्पादन गर्ने हो भने यसलाई छिटै बेच्न सकिने खालको बजारको आवश्यकता पर्दछ तर अरु नगदे बाली जस्तै

अदुवा, बेसार उत्पादन गर्ने हो भने केही ढिलै बिक्री भएपनि फरक पर्दैन । बजारको व्यवस्थापनका लागि यस नगरपालिकामा के कस्ता सुबिधाहरू छन्? यातायात, हाटबजार, उत्पादन संकलन केन्द्रहरू, सहकारी, आदि । त्यसैगरी कुनै उत्पादन लामो समयसम्म चिसोमा राखेर बढी फाईदा लिन सकिन्छ त्यसैले शीत भण्डार स्थापनामा पनि जोड दिनु पर्दछ ।

**(छ) सिंचाईः** उपयुक्त वातावरण तथा जमिन हुँदा हुँदै पनि सिंचाइको अभावले कृषि उत्पादनमा नकारात्मक प्रभाव परेको हुन्छ । सिंचाईको लागि पर्याप्त बजेट तर्जुमा गरी कृषि उत्पादन तथा बजारीकरण गर्न सकेको खण्डमा मात्र कृषिमा वर्षौंदेखि रहेको परनिर्भरता क्रमश घटाउँदै त्यस्को अन्त्य गर्न सकिन्छ । तर यस्तो व्यवहारिक रुपमा यस्तो हुन सकिरहेको छैन । डण्डाखोलाबाट सिंचाई योजना संचालनका गर्नका लागि बृहद अध्ययन, डिजाईन, लागत ईष्टिमेट तयार गरी गर्नु पर्ने देखिन्छ । कतिपय खेती योग्य जमिन भन्दा पानीको स्रोत तल हुनाले सिंचाई सुविधा लिन नमिल्ने भएकाले त्यस्तो स्थानका साना किसानहरुका लागि पम्पसेट वितरण गरी सिंचाई सुविधा पुर्‍याउनु पर्ने देखिन्छ ।

## ४.३ उद्योग तथा व्यापार व्यवसाय

आर्थिक विकासका लागि उद्योग तथा व्यापार व्यवसायलाई ईन्जिनको रुमा लिन सकिन्छ । यसैले सम्बृद्धिमा फड्को मार्ने हो भने कृषि र पशुपालनसंगै उद्योग धन्दा तथा व्यापार व्यवसायको पनि विकास हुनु पर्दछ । यसका लागि नगरपालिकाको समग्र बस्तुस्थितिको आँकलन गर्दा उद्योगको विकासका लागि निम्न काम गर्न सकिन्छ ।

(क) **बिशिष्ठ आर्थिक क्षेत्र** – रुपन्देही जिल्लाको दक्षिणी भागमा रहेको सिद्धार्थनगर नगरपालिका नेपाल भारत सीमा नाकामा रहेका पाँच प्रमुख प्रवेशद्वार मध्ये एक हो । यो एक महत्वपूर्ण व्यापारिक तथा औद्योगिक शहरको रुपमा पनि परिचित छ । यहाँ साना ठूला उद्योग धन्दाहरु स्थापना भएका छन् । नेपाल भारत वीचको व्यापारलाई अभिबृद्धि गर्नका लागि सिद्धार्थनगरलाई एक **'विशिष्ठ आर्थिक क्षेत्र'** को रुपमा विकास गर्नका लागि चाहिने आवश्यक पूर्वाधार निर्माणमा जोड दिनु पर्दछ । सिद्धार्थनगरको सन्दर्भमा यातायात, होटल तथा रेष्टुँरा व्यवसाय, बैंक तथा वित्तीय क्षेत्र, कृषि व्यवसाय, स्वास्थ्य तथा शिक्षा क्षेत्र र व्यापार तथा वाणिज्य क्षेत्र नै आर्थिक क्षेत्रका आधार हुन ।

(ख) **घरेलु तथा साना उद्योगः** साना तथा घरेल उद्योगको दृष्टिकोणले हेर्दा यस नगरपालिकामा फर्निचर उद्योग, कटानी पिसानी मिलहरू, तेल पेल्ने मिल आदि संचालनमा रहेकाछन् । यस्ता उद्योगका लागि उत्पादित बस्तु तथा सेवाहरू बिक्रीका लागि स्थानीय स्तरमा नै बजारको सम्भावना रहेको देखिन्छ । गाउँपालिकाले यस्ता उद्योगहरूलाई लगानीमैत्री वातावण बनाउँदै स्तरोन्नति लागि सहयोग गर्ने हो भने स्थानीय स्तरमा रोजगारी बढ्न सक्ने र स्थानीय करको दायरा समेत फराकिलो हुने सम्भावना देखिन्छ ।

(ग) **प्रशोधनमा आधारित उद्योगः** यस नगरपालिकामा खाद्य तथा प्रशोधनमा आधारित उद्योगहरु ४६ वटा भएको पाईन्छ । ती र त्यस्तै प्रकृतिका उद्योगहरु खोल्नका लागि नगरपालिकाले उपयुक्त नीति नियम बनाउने र सरल कर्जाका लागि बैंक तथा वित्तीय सँस्थासँगको सहज पहुँचका लागि सजीकरण गर्नु पर्ने देखिन्छ । आलु प्रशोधन, ग्रेडिङ्ग र प्याकिङ्ग गरी बेच्ने व्यवस्था गर्न सकिन्छ । त्यसैले त्यस्ता कृषि–वनमा आधारित कच्चा पदार्थहरूलाई प्रशोधन र गुण बृद्धि गर्ने खालका उद्योगहरूको विकासका लागि सम्भाव्य उद्योगीहरूलाई सहयोग र प्रशिक्षित गर्ने वातावरण बनाउनु पर्ने देखिन्छ ।

## ४.४ पर्यटन

लुम्बिनी लगायत अन्य धार्मिक तथा ऐतिहासिकस्थल भ्रमण गर्नका लागि सिद्धार्थनगर प्रवेशद्वार हो । यहाँ आउने पर्यटकहरुले (क) गौतम बुद्धको जन्मस्थान वरिपरि असंख्य मन्दिर, स्तुपा र पवित्र पोखरी लगायत लुम्बिनी बगैचा (ख) बुद्धको मातासँग सम्बन्धित पुरातात्विक महत्वको देवदह (ग) रामग्राम - जुन कोलिया राज्यको त्यो बेला केन्द्र थियो जहाँ करीव १० मीटर अल्गो र २० मीटर व्यास भएको स्तुपा रहेको छ (घ) कैयौं पुरातात्विक स्थलहरु रहेको कपिलवस्तु जो शाक्यमुनिहरुको राज्य थियो (ङ) त्रिवेणीघाट – जुन माघे संक्रान्तिका दिन स्नान गर्नका लागि लाखौं तिर्थालुको आकर्षकको केन्द्र बनेको छ (च) त्रिवेणी घाट नजिक रहेको वाल्मिकी आश्रम जुन आश्रममा गौतम बुद्ध आफ्नो कन्टका नामको घोडाबाट उत्रेर आफ्ना जिज्ञासाका जवाफ खोज्न जङ्गल तर्फ प्रस्थान गरेको विश्वास गरिन्छ (छ) लुम्बिनी संग्रहालय, लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र र कपिलवस्तु संग्रहालय आदिको अवलोकन गर्न सक्दछन् । संग्रहालय तथा अनुसन्धान केन्द्रमा गौतम बुद्ध तथा शाक्य राज्यको राजधानीको भग्नावशेष सम्बन्धी प्राचीन दस्तावेजहरु राखिएका छन जुन बौद्ध धर्मका जिज्ञासु पर्यटकहरुको लागि आकर्षकको बिषय हुनसक्छ ।

त्यसैले पर्यटन विकासको माध्यमबाट यो क्षेत्रको आर्थिक विकास गर्न सकिने प्रचुर सम्भावना भएकाले यस नगरपालिका भित्र र छेउछाउका विभिन्न पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र विकास गरी आर्थिक सम्बृद्धिमा टेवा पुऱ्याउनु परेकोछ । यस सन्दर्भमा सबै गोष्ठीहरूमा भएका छलफलबाट आएका जानकारी तल विश्लेषण गरिएकोछ ।

क. **पूर्वाधारको व्यवस्थाः** पर्यटनको विकासको लागि सुविधायुक्त सडक हुनु अति आवश्यक हुन्छ । यसैले यहाँ रहेका पुरातात्विक तथा ऐतिहासिक महत्व राख्ने सम्पदा सम्म बाहै महिना आवतजावत गर्न सकिने सडक यातायातको संजालको निर्माण गर्नु पर्दछ । साथै पर्यटकहरुको लागि सुविधाजनक होटल तथा रेष्टुँराहरुको पनि उचित व्यवस्था हुनु पर्दछ ।

ख. **पर्यटकीय पूर्वाधारको विकासः** पर्यटन विकासका लागि जाने आउने मोटोरबाटोको साथ साथै अन्य पूर्वाधारहरुको पनि आवश्यकता पर्दछ । जस्तै प्राचीन सँस्कृतिको संरक्षण, त्यस्ता चिजहरू लोप हुने खतरा छ भने सँग्रहालयको विकास, पार्कहरूको निर्माण, भ्यू टावरहरूको निर्माण, नजिकबाट छोटो समयका लागि आउने पाहुनाका लागि पिकनिक स्पोर्टको निर्माण आदि । नगरपालिकामा भएका धार्मिक तथा ऐतिहासिक क्षेत्रहरू जस्तै मन्दिर, गुम्वा, नदी, आदि को संरक्षण र सम्बर्द्धन हुन आवश्यक हुन्छ । त्यस्तै परम्परागत संस्कृति, स्थानीय नाच–गान आदिको पनि सम्बर्धन हुनु आवश्यक हुन्छ । यस्ता पूर्वाधारहरूले बाहिरबाट आउने आगन्तुकलाई आकर्षण गर्दछन् ।

ग. **प्रचार प्रसारः** पर्यटन विकासका लागि प्रचार प्रसारको ठूलो भूमिका हुन्छ । सिद्धार्थनगर नगरपालिका क्षेत्रमा के कस्ता सुबिधा र पूर्वाधार छन् भन्ने कुराको जानकारी पाएर नै बाहिरबाट पाहुनाहरूले यहाँ घुम्न आउने चाहना राख्ने हुन । यस प्रकारको जानकारी गराउने दायित्व संचार जगतको हुन्छ । पर्यटकीय पूर्वाधारहरूको राम्रो विकास गर्न सकियो भने संचारजगत आफैं आउँछ र तयारीको प्रचार प्रसार स्वतः हुन थाल्दछ । अर्को तरिका भनेको आएका पाहुनाहरू सन्तुष्ट भएर फर्किए भने उनीहरूबाटै क्रमश प्रचार प्रसार हुने गर्छ । घान्द्रुक, घलेगाउँ आदि ठाउँहरूको प्रचार प्रसार यसरी नै भएका हुन ।

घ. **पर्यटकीय विकासबाट हुने आर्थिक लाभः** पर्यटन यस्तो क्षेत्र हो जुन क्षेत्रबाट प्रत्यक्ष देखिने खालको आर्थिक लाभ हुँदैन । हाम्रो ठाँउमा सम्बृद्धि ल्याउनुछ भन्दैमा घुम्न आउने पर्यटकले हामीलाई आवश्यक भए जति पैसा दिने हैनन । न त हाम्रो विकासको लागि चन्दा नै दिन्छन । आफ्नै खर्चबाट खाने र बस्ने गरी आउने पाहुनाहरूको संख्या बढ्यो भने हाम्रा ठाँउका होटल चल्दछन्, लज तथा होमस्टे चल्दछन्, यहाँको उत्पादन बिक्री हुन्छ, यातायातका साधनहरू चल्छन् । यस्ता व्यवसायहरूमा लगानी गर्ने व्यक्तिहरूले प्रतिफल पाउँछन् र कामगर्ने व्यक्तिहरूले पारिश्रमिक पाउँछन । यी सबै आर्थिक गतिविधि बढ्यो भने नगरको विकासमा टेवा पुग्दछ भन्ने हो । पर्यटकीय विकासको लागि सेवा र सुविधाको मूल्य पनि एउटा महत्वपूर्ण पक्ष हो । उदाहरणका लागि एक कप चियाको मूल्य साधारण होटलमा रु २० पर्दछ भने एउटा सुन्दर रिसोर्टमा रु १०० पर्न सक्तछ । चियाको मूल्य भन्दा पनि त्यो रिसोर्टको सुन्दरता, व्यवस्थापन, दृश्यावलोकन, शान्त वातावरण आदिका कारणले मूल्य बढी भएको हुन सक्तछ । त्यसैले न्यायोचित मूल्य कायम गर्नु पर्यटकीय विकासको आधारशीला हो । विना तयारी मूल्य मात्र बढी राख्यो भने पर्यटकीय विकास हुँदैन, एकपटक मानिसहरू आउलान तर फेरि फर्केर नआउन सक्दछन । यस्ता साना तर महत्वपूर्ण कुराको नजर अन्दाज गर्नु हुँदैन ।

## ४.५ लक्ष्य तथा उद्देश्य

आर्थिक विकास बिषयगत क्षेत्रको लक्ष्य र उद्देश्य निम्न अनुसार रहेको छ ।

**लक्ष्यः** कृषि र पशुपालनलाई उन्नत र उत्पादनशील बनाउँदै स्थानीय प्राकृतिक स्रोत र साधनमा आधारित उद्योग व्यवसायको विकास गरी उत्पादनमा बृद्धि, पर्यटन क्षेत्रको प्रबर्द्धन गरी थप रोजगारीका अवसर र गुणस्तरीय उपयोगको अवस्था सृजना गरी नगरवासीको जीवनयापनमा दीगो सुधार गर्ने ।

**उद्देश्यः** आर्थिक विकास बिषयगत क्षेत्रको लक्ष्य प्राप्त गर्नको लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

(१) कृषिक्षेत्रमा सम्भाव्य उत्पादनका पकेटक्षेत्रहरू पहिचानगरी कृषिफसललाई उत्पादनमा आधुनिकीरण तथा व्यवयायीकरणको गर्दै उत्पादकत्व र उत्पादन परिमाण बृद्धि भएको हुनेछ ।

(२) पशुपालनमा नश्लसुधार सहितको व्यवसायीकरणगरी उत्पादकत्व, परिमाण र गुणस्तरमा सुधार भएको हुनेछ ।

(३) कृषि–वनतर्फ सम्भाव्य उद्योगको पहिचान, व्यवसायको विकास र थप आम्दानी तथा रोजगारीको सृजना भएको हुनेछ ।

(४) परम्परागत सिंचाई प्रणालीलाई प्रबर्धन गर्दै सिंचाईका वैकल्पिक उपायहरूको पहिचान र परीक्षण गर्दै सिंचाई सुविधाको विस्तार भएको हुनेछ ।

(५) पर्यटकीय स्थलहरूको पहिचान, सम्भाव्य सेवा र पूर्वाधारहरूको विकास, सम्भाव्य ठाउँहरूमा होमस्टेको विकास र प्रवर्धन भएको हुनेछ ।

(६) स्थानीय बैक तथा वित्तीय संस्था र सहकारीको सुदृढीकरणगर्दै वित्तीय सेवा र सुविधाको विस्तार भएको हुनेछ ।

## ४.६ रणनीति तथा कार्यनीति

आर्थिक विकास बिषयगत क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ। यस्का लागि निम्न अनुसारका रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएका छन्।

### रणनीति

१. **कृषिमा आधुनिकीकरण:** विगतको कार्यक्रम छनौट र बजेट विनियोजन प्रथामा सुधारल्याई उत्पादन पकेट क्षेत्रमाआधारित लगानीगर्ने र निरन्तर सहयोगसहितको प्रभावकारी अनुगमन र समीक्षा गर्ने।
२. **शिक्षित युवा आकर्षित कृषि:** कृषि क्षेत्रमा आधुनिकीकरण गरी विगतको 'कनिका छर्ने खालको कार्यक्रम संस्कारबाट बाहिरआई शिक्षित र युवा आकर्षित गर्ने खालको व्यवसायिक कृषि प्रणालीको विकास गर्ने।
३. **उत्पादनमा व्यवसायीकरण:** कृषि उत्पादन, फलफुल खेती तथा पशुपालनलाई सुधारगरी परम्परागत निर्वाहमुखी खेती तथा पशुपालन अभ्यासबाट कृषकहरूलाई क्रमश व्यवसायिकतातर्फ रूपान्तरण गर्ने।
४. **समय सापेक्ष यान्त्रिकीकरण:** समय सापेक्ष, दीगो हुनसक्ने र कृषकलाई थप बोझ नहुने खालको यान्त्रिकीकरणको विकास र अभ्यासका लागि कृषकलाई समूहगत रूपमा सहयोग गर्ने।
५. **पर्यटकको बसाई बढाउने:** पर्यटकहरुको बसाई अवधि बढाउनका लागि निजी क्षेत्रको सहकार्यमा सुविधा सम्पन्न होटल स्थापना तथा भएका होटलहरुको स्तरोन्नतिमा जोड दिईनेछ र साथै होमस्टे कार्यलाई प्रोत्साहित गरिनेछ।
६. **सरल ऋण उपलब्धता -** कृषि तथा उद्योग स्थापनाका लागि कृषक तथा उद्यमीहरुलाई सरल कर्जा उपलब्ध गराउनका लागि बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।

### कार्यनीति

१. निजी क्षेत्रसहित कृषि विकासका लागि सरोकारराख्ने सबै निकायहरूको बीचमा समन्वय कायम गरी उन्नत प्रविधि र उपकरणहरू उत्पादन ब्लक मार्फत हस्तान्तरण गरिनेछ।
२. ल्बकका आधारमा फलफूल बगैचा तथा उत्पादनहरूमा एउटा क्षेत्रका धेरै कृषकले व्यवसायिक उत्पादनमा सहभागी हुनसक्नेगरी कार्यक्रमहरू संचालन गरिनेछ।
३. बाख्रा,बंगुर, कुखुरा र माउरी पालनलाई ब्यावसायीकरण गर्न प्राथमिकता दिई कार्यक्रम संचालन र लगानी गरिनेछ।
४. उत्पादनको परिमाणलाई हेरी बजारको उपलब्धतालाई सहकारी मार्फत थप विस्तार, व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने छ।
५. कृषि, पशुपालन तथा पर्यटन क्षेत्रमा भएको लगानी र खर्चलाई भन्दा त्यसबाट प्राप्त नतिजा वा प्रतिफललाई उपलव्धीको रूपमा गणना गर्ने गरी कार्यक्रम संचालन गरिने छ।

# परिच्छेद ५ सामाजिक विकास योजना

## ५.१ पृष्टभूमि

सामाजिक विकास शीर्षक अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, सामाजिक समावेसीकरण र लक्षित समुदाय उत्थान जस्ता कार्यक्रमहरू पर्दछन् । यिनै बिषय क्षेत्रका सेवा र सुविधाको गुणस्तर र पहुँचले समग्र सामाजिक विकासको अवस्थालाई चित्रण गर्दछ । यस नगरपालिकाको छरिएर रहेको बस्ती र स्रोतको व्यवस्थापनमा कम्जोर रहेको हुँदा शिक्षाको गुणस्तर र प्राथमिक स्वास्थ्य सेवामा पहुँच जनअपेक्षा भन्दा कम रहेको छ । यस्तो अवस्थामा पनि यस नगरपालिकाको साक्षरता औषत ६९.७८% प्रतिशत छ जुन राष्ट्रिय साक्षरता ५९.६३% भन्दा निकै बढी हो । विद्यालय उमेरका अधिकांश वालवालिकाहरू विद्यालयमा भर्ना हुनुलाई उपलब्धि नै मान्नुपर्दछ ।

खानेपानी तथा सरसफाईलाई सर्वसुलभ बनाउँदै लक्षित तथा सीमान्तकृत वर्गलाई समेत विकासको मुलप्रवाहमा ल्याउनको लागि अझ धैरै सजगताका कार्यक्रमहरू संचालन गर्नुपर्ने आवश्यकता देखिन्छ । यस सन्दर्भमा नगरपालिकाको यो योजना तर्जुमाको सिलसिलामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षितवर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषय शीर्षकहरूमा आएका बिचार, संभावना, समस्या तथा नगरवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिम बिश्लेषण गरिएको छ ।

## ५.२ शिक्षा

वर्तमान युगमा शिक्षा मानव विकासको अभिन्न अंग हो जसले मानव जीवनलाई एउटा निश्चित उचाईसम्म पुऱ्याउनलाई मदत पुऱ्याउँदछ । शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको छ । आजको युगमा शैक्षिक क्षेत्रमा उचित सुधार गर्न सकियो भने मात्र आउँदो पुस्ताले नगरको मुहार फेर्न सक्षम हुनेछ भन्ने आशा गर्न सकिन्छ । बर्तमान समयमा शिक्षण पद्धतिहरु समयानुकूल परिवर्तन हुँदै गइरहेका छन् । विगतको जस्तो पारम्पारिक शिक्षाका भरले आजको प्रतिस्पर्धात्मक समाजमा आउँदो पुस्ताले उन्नति गर्न सक्तैन । यस्तो अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आफ्नो गाउँपालिका भित्र रहेका सार्वजनिक विद्यालयको व्यवस्थापन लगायतको अधिकार र जिम्मेवारी स्थानीय सरकारमा आएको छ । तदनुसार जिल्ला शिक्षा कार्यालय विघटन भै अधिकार, जिम्मेवारी र कर्मचारी समेत गाउँपालिकामा हस्तान्तरण भै सकेको अवस्था छ । यो अवस्थामा यस गाउँपालिकाले आफ्ना क्षेत्रमा रहेका शिक्षण संस्थाहरूको संस्थागत विकासगरी जनताले चाहना गरे अनुरूपको गुणस्तरयूक्त शिक्षा दिक्षाको व्यवस्था मिलाउनु पर्ने अवस्था छ ।

यस नगरपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरणलाई केलाउँदा संख्याका हिसावले खासै कमी छैन । हाल यस नगरपालिका क्षेत्रमा ६४ वटा शिक्षण संस्थाहरू छन् र ती मध्ये ३३ वटा निजीस्तरबाट संचालन भएका छन् । ती मध्ये ६ वटा उच्च माध्यमिक र १० वटा क्याम्पस हुनुले यहाँको शैक्षिक बलियो भएको अनुमान गर्न सकिन्छ । त्यसैले साक्षरता बृद्धि गर्ने केही कार्यक्रमको तर्जुमा गरी साक्षरता दर १००% बनाई सिद्धार्थनगरलाई अत्यधिक बौद्धिक नगरपालिकाको रुपमा विकास गर्ने सम्भावना रहेको छ । नगर योजना तर्जुमा निर्देशिका अनुसार १९ वटा नयाँ प्राथमिक विद्यालयहरु बनाउनु पर्ने देखिन्छ भने उच्च माध्यमिकको हकमा नयाँ बनाउने भन्दा भइरहेको विद्यालयको स्तरोन्नति गर्नु पर्ने देखिन्छ । शिक्षाको गुणस्तर बृद्धि गर्ने बैकल्पिक उपायहरुमा नगरपालिकाले उच्च

माध्यमिक बिद्यालयहरुको मर्जरको लागि उनीहरुलाई प्रोत्साहन दिन सक्दछ। **“शैक्षिक क्षेत्रको लागि पूर्वाधारले परिपूर्ण सम्बृद्ध सिद्धार्थनगर”** को दीर्घकालीन ध्येय प्राप्तिका लागि निम्न कार्य गर्नु पर्ने देखिन्छ।

- युनिभर्सल कलेज अफ मेडिकल साईन्सको शैक्षिक सुविधा बृद्धि गर्ने
- पक्लिहवा क्याम्पसको सुविधा अभिबृद्धि गर्ने
- भौतिक पूर्वाधारको स्तरोन्नति गर्दै नविनतम प्रविधिहरु प्रयोग गर्ने
- शैक्षिक स्तर बृद्धिका लागि योग्य शिक्षक नियुक्ति गर्ने
- बालबालिका विशेषत छात्राहरुलाई विद्यालय भर्नामा प्रोत्साहन गर्ने
- सीमान्तकृत समुदायको शिक्षाको सुधारमा जोड दिने
- विद्यालय व्यवस्थापन समितिलाई सबल तथा समक्ष बनाउने
- सामुदायिक तथा निजी स्तरका प्राथमिक तथा पूर्व प्राथमिक विद्यालयहरुका लागि मापदण्ड र निर्देशिका तयार पारी कार्यान्वयन गर्ने
- नगरपालिकाबाट विद्यालयहरुको शैक्षिक गुणस्तर र दक्षताको नियमित अनुगमन र मूल्याङ्कन गर्ने
- विभिन्न शैक्षिक संस्थाहरुसँगको सहकार्यमा सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक सुविधा बढाउने
- सुचनाको अधिकारको सुनिश्चितताकोलागि आधुनिक प्रविधियुक्त सामुदायिक पुस्तकालयको स्थापना गर्ने

## ५.३ स्वास्थ्य

शिक्षा जस्तै स्वास्थ्य पनि स्थानीय सरकारको जिम्मामा आएको छ। स्वास्थ्य संस्थामा नियमित आउने अनुदान र कर्मचारीहरू समेत नगरपालिकामा हस्तान्तरण भई सकेको अवस्था छ। त्यसैले भएका स्वास्थ्य केन्द्रहरूको भौतिक पूर्बाधारहरूको सुधार गरी सेवाका क्षेत्रहरू थप गर्दै जानुपर्ने एउटा पाटो छ भने दक्ष प्राविधिकहरूको निरन्तर उपस्थिति र औषधि तथा उपकरणहरूलाई सुनिश्चित गर्नुपर्ने अर्को पाटो रहेको छ। सिद्धार्थनगरमा विकसित स्वास्थ्य प्रणाली र जिल्ला अस्पताल जुन भीम अस्पतालका नामले पनि चिनिन्छ लगायत अन्य अस्पतालहरु रहेका छन्। यसैले गर्दा सिद्धार्थनगरमा थप बेग्लै अस्पताल भन्दा पनि भएका अस्पतालहरुको भौतिक पूर्वाधारमा भृद्धि गर्दै स्तरोन्नति गर्नु पर्ने देखिन्छ। **“स्वास्थ्य सेवा लागि पूर्वाधारले परिपूर्ण सम्बृद्ध सिद्धार्थनगर”** को दीर्घकालीन ध्येय प्राप्तिका लागि निम्न कार्य गर्नु पर्ने देखिन्छ।

- भीम अस्पताललाई अग्रणी अस्पतालको रुपमा विकास गर्नका लागि आवश्यक र उचीत पूर्वाधार जस्तै सडक संजाल, खानेपानी तथा सरसफाई र आधुनिक ल्याबको को उचीत व्यवस्था गरी स्तरोन्नति गर्ने,
- विभिन्न वडाहरुमा शहरी स्वास्थ्य क्लिनिकहरु संचालन गर्ने,
- मातृशिशु स्वास्थ्य केन्द्रको स्थापना गर्ने,
- करमा छुटको व्यव्स्था गरी थप विशेष स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्ने,

- स्वास्थ्य क्षेत्रमा सबै लिङ्ग, उमेर, जातजाति, सबल तथा फरक क्षमता भएकाहरुको सहज पहुँच पुऱ्याई सामाजिक एकता र जीवन्त वातावरण बनाउनु पर्ने,
- भविष्यमा आउन सक्ने विपत्ति तथा महामारीलाई सम्बोधन गर्नका लागि भीम अस्पतालमा सिद्धार्थनगरपालिकाको सहकार्यमा बिशेष कक्षको स्थापना गर्ने,
- प्राथमिक स्वास्थ्य उपचारका सम्बन्धमा जनचेतना बढाउनका लागि सबै वडाहरुमा कार्यशाला तथा अन्य कार्यक्रमहरु संचालन गर्ने,
- स्वस्थ्य नागरिक निर्माणको लागि वडा तहमा पोषणको कार्यक्रम प्रबर्द्धन गर्नु पर्ने,
- महिला स्वयमसेविकाहरुलाई प्रोत्साहन गर्नका लागि राम्रो काम गर्ने महिला स्वयमसेविकाहरुलाई पुरस्कृत गर्ने र उनीहरुका उचीत आवश्यकतालाई पनि सम्बोधन गर्ने ।

यस्का साथै सिद्धार्थनगरमा एचआईभी/एड्स तथा लागू पदार्थ प्रयोगको समस्या देखा पर्दै गएको देखिन्छ । यसैले एचआईभी/एड्स तथा लागू पदार्थको न्यूनीकरण गर्नका लागि निम्न कार्य गर्नु पर्ने देखिन्छ ।

- सिद्धार्थनगर नगरपालिकाले एचआईभी/एड्स तथा लागू पदार्थको कुलत नियन्त्रण गर्नका लागि सम्बन्धित सरोकारवालाहरुको समन्वयमा रणनीतिक योजना बनाउने,
- नगरपालिका एड्स समन्वय समितिको समन्वयमा एचआईभी/एड्स तथा लागू पदार्थको कुलत सम्बन्धी कार्यक्रम संचालन गर्ने,
- लागू पदार्थ कुलतमा फँसेका युवाहरुको उपचारका लागि सम्बन्धित सरोकारवालालाई नगरपालिकाबाट सिफारिस दिदाँ लाग्ने सिफारिस दस्तुरमा छुटको व्यवस्था दिने,
- लागूपदार्थका पूर्वव्यसनीहरुलाई विभिन्न विकासकार्यमा लगाई उनीहरुको पुनर्स्थापनामा सघाउ पुऱ्याउने

## ५.४ खानेपानी तथा सरसफाई

सिद्धार्थनगरको खानेपानीको माग विश्लेषण गर्दा शहरी योजना तर्जुमा गर्ने मापदण्डका आधारमा प्रक्षेपण गरिएको जनसंख्या १,०७,०२५ का लागि दैनिक १ करोड २८ लाख लिटर पानी आवश्यक पर्दछ । हाल निर्माण भएका ७ वटा डिपट्यूबवेल मध्ये ६ वटा मात्र संचालनमा रहेका छन् र यसबाट दैनिक ४५ लाख लिटर मात्र पानी प्राप्त भईरहेकोछ । यो अहिलेकै जनसंख्याका लागि पनि पर्याप्त छैन । नेपाल खानेपानी संस्थान अन्तर्गत अहिले ३ वटा खानेपानीका योजनाहरुको तर्जुमा भएको छ भने वडा नं १२ स्थित श्रीकृष्णपथमा एउटा डिप ट्यूबवेल तथा ४५० घन मीटरको ओभरहेड ट्याङ्कीको स्वीकृत भएकोछ । वडा नं २ र ११ मा डिप ट्यूववेलको निर्माण काम सम्पन्न भए पनि ओभरहेड ट्याङ्की निर्माण नहुनाले संचालनमा आउन सकिरहेको छैन । यी योजनाहरुको बृहत योजना प्रतिवेदन (DPR) तयार भइसकेको हुनाले यी योजनाहरु आगामी बर्ष संचालनमा आउने अपेक्षा गरिएकोछ । यी योजनाहरुको निर्माण पछि खानेफानीको माग सामान्यतया पूरा हुनेछ । तथापि लगातार भूमिगत पानीको दोहन गर्नाले भूमिगत पानीको सतहमा नकारात्मक असर पुग्न जाने हुनाले त्यस्को निराकरणको लागि समयमा नै भूमिगत पानी पुनर्भरण गर्ने कार्य गर्नु पर्दछ । त्यसैले भूमिगत पानी पुनर्भरण तथा आकाशेपानी संकलन कार्यका लागि सहयोगी नीति तथा प्रोत्साहनको व्यवस्था गर्नु पर्दछ ।

## ५.५ सामाजिक समावेशीकरण

लैङ्गिक समानता भन्नाले लिङ्गका आधार भेदभाव रहित अवसरहरुमा पहुँच पाउनुलाई बुझिन्छ। नेपाल जस्तो पुरुष प्रधान देशमा लैङ्गिक समानता चर्चाको विषय बनेको छ। महिलाहरुको हक अधिकारको रक्षाका लागि महिलाहरुको सरकारी सँस्थाहरुमा ३३% सहभागिताको नीति अवलम्बन गरिएकोछ। लैङ्गिक समानताले केवल महिलाहरुमा मात्र सीमित नभएर यस्को दायरा समलिङ्गी तथा उभयलिङ्गीसम्मलाई **(LGBT – Lesbian, Gay, Bi-sexual and Transgender)** समेट्न पुग्दछ। सामाजिक समावेशिता भन्नाले सँस्थागत अवरोध हटाई र सेवा सुविधाहरु बृद्धि गरी विभिन्न जातजाति, लिङ्ग, धर्म र सम्प्रदायका व्यक्ति तथा समूहका मानिसहरुको विकासको अवसरमा पहुँच बृद्धि गर्नु हो। यसो गर्नका लागि नीति, नियम तथा सामाजिक व्यवहारमा परिवर्तन र सीमान्तकृत मानिसहरुलाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा परिवर्तन हुनु जरुरी छ। सामाजिक क्षेत्रमा तर्जुमा गरी कार्यान्वयन गरिने कार्यक्रमहरु सामाजिक समावेशीको दृष्टिबाट हुनु जरुरी छ।

यस सन्दर्भमा यो एकीकृत योजना तर्जुमा गर्ने सिलसिलामा भएका गोष्ठीहरूमा छलफल हुँदा उत्साहजनक प्रगतिहरू सुन्नमा आएका छन्। जस्तै यस नगरपालिकामा महिलाहरूलाई सार्वजनिक काममा अगाडि ल्याउनका लागि विभिन्न महिला समूहहरू गठन भएका, विद्यालयमा छात्राहरूको संख्या क्रमशः बृद्धि हुँदै गएको, उपभोक्ता समूहहरूमा महिला तथा दलितहरूको सहभागिता प्रभावकारी भएको, हिंसामा क्रमशः कमी आएको, सम्पत्तिमा महिलाको हक बढ्दै गएको र महिलाको नेतृत्व गर्ने क्षमतामा क्रमश बृद्धि हुँदै गरेको कुरा आएको छ। हालको अवस्थामा नगरपालिकामा पूर्णतया अमनचैन र शान्ति सुरक्षाको प्रत्याभूति भएको अवस्था छ। यो ज्यादै सह्रानीय र अरु समग्र विकासको लागि अत्यावश्यक पक्ष हो।

धैरै राम्रा कुराहरू हुँदाहुँदै पनि अझै गर्नुपर्ने कामहरू धैरै बाँकी भएको देखिन्छ। सामाजिक समावेशीकरणको क्षेत्रमा पर्याप्त बजेट तथा कार्यक्रमहरू विनियोजना हुन नसकेको, महिला समूहहरूको सकृयतामा कमी रहेको, सामाजिक विभेद निर्मुल हुन नसकेको, छुवाछुत केही मात्रमा कायमै रहेको, पैत्रृक सम्पत्तिमा महिला र पुरुषको समान अधिकार कायम हुन नसकेको र महिलाहरूको आर्थिक कारोवारको पहुँचमा कमी रहेको कुराहरु गर्न बाँकी कामहरु हुन। नगरपालिका भित्र रहेका विभिन्न खालका अपांगता भएका ब्यक्तिहरूको ज्ञान, सिप र क्षमताको विकास गरी स्वरोजगारीका अवसरहरू सृजना गर्न केही प्रयास भएको भए पनि पर्याप्त हुन नसकेको अबस्था छ।

स्थानीय स्तरमा सामाजिक समावेशीकरण सुनिश्चत गर्ने बिषय स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यो एउटा अलग्गै काम भन्दा पनि सबै खालका काममा बिचार गर्नुपर्ने अन्तरविषयिक कुरा हो। यो पूर्वाधार निर्माण जस्तो देखिने बिषय हैन तर वर्तमान विकासको सन्दर्भमा ज्यादै महत्वपूर्ण छ। त्यसैले तर्जुमा हुँदै गरेको एकीकृत योजनाले बिशेषगरी एकल महिला, जेष्ट नागरीक अपांगता भएका व्यक्ति र पिछडिएको जातजातीलाई उचित प्राथमिकता सहितका कार्यक्रम र बजेटको व्यवस्था गर्न आवश्यक छ।

## ५.६ सुरक्षा

सामाजिक ढाँचामा आएको परिवर्तन सँगै नगरमा अपराध कर्ममा बृद्धि हुने कुरालाई नजर अन्दाज गर्न सकिदैन र यस्ले नागरिकको सुरक्षालाई जोखिममा पुऱ्याउँदछ। जबसम्म नागरिकहरु मानसिक तथा भौतिकरुमा सुरक्षित भएको

महशुस गर्दैनन, नगरको विकासले मुर्त रुप लिन कठिन हुन जान्छ । हरेक व्यक्तिको सामाजिक सुरक्षा गर्नु नगरपालिकाको कर्तव्य हुन आँउछ ।

सुरक्षाको सन्दर्भमा कुरा गर्दा सामाजिक सुरक्षा र भौतिक सुरक्षाको कुरा आउँदछ । सामाजिक सुरक्षा र भौतिक सुरक्षाका लागि निम्न कार्यहरु गर्नु पर्ने देखिन्छ ।

**क. सामाजिक सुरक्षाका लागि प्रस्तावित योजनाहरु**

- वालवच्चाहरुलाई विद्यालय देखि नै सुरक्षा कार्यक्रम मार्फत उत्पीडन सम्बन्धी सवालहरुमा प्रशिक्षित गर्ने,
- महिला, पुरुष तथा वालवच्चाहरुलाई आत्म-सुरक्षा सम्बन्धी तालिम संचालन गर्ने,
- जेष्ठ नागरिक, सीमान्तकृत समुदायका मानिस तथा असहाय व्यक्तिहरुलाई सहज रुपमा सामाजिक भत्ता पाउने व्यवस्था मिलाउने,
- सामाजिक रुपमा पछि पारिएका समुदायको पहिचान गर्ने र उनीहरुको साँस्कृतिक संरक्षणको क्षेत्रमा काम गर्दै समाजमा उनीहरुलाई माथि उठाउने ।

**ख. भौतिक सुरक्षाका लागि प्रस्तावित योजनाहरु**

- प्रत्येक वडामा सुविधा सम्पन्न आधुनिक साधनले परिपूर्ण प्रहरी चौकी भवन निर्माण गर्ने,
- नगरस्तरीय प्रहरी कार्यालय निर्माण
- हरेक सडकमा  सडक बत्तीको व्यवस्था गरी रात्रीकालीन घटनालाई घटाउने ।

## ५.७ पार्क तथा खुल्ला क्षेत्र

उद्यान (पार्क) को उचित व्यवस्थापनले शहरको सुन्दरता बढाउने मात्र नभई यस्ले नगरबासीहरुलाई एक अर्कामा भेटघाट गर्ने तथा आराम गर्ने प्राकृतिक वातावरण उपलब्ध गराउँदछ । यस्ता पार्कहरु बनभोज स्थल, खेल्ने र भेला हुने ठाँउको रुपमा पनि विकास गर्न सकिने सम्भावना हुन्छ । पार्कको उचित व्यवस्थापनका लागि निम्न कार्य गर्नु पर्ने देखिन्छ ।

- अहिले भईरहेका उद्यानहरुमा बच्चाहरुको लागि खेल्ने क्षेत्र तथा बनभोजको लागि निश्चित क्षेत्र छुट्याउने,
- यस्ता पार्कहरुमा बिहान र बेलुका प्रवेश दस्तुरमा छुट दिने र अन्य समयमा दस्तुर लगाउने व्यवस्था गर्न सकिन्छ,
- डण्डा कोरिडोरलाई वाल उद्यान, दौडने क्षेत्र, पर्खने तथा भेटघाट गर्ने स्थलका रुपमा विकास गर्ने,
- नगर भित्रका पहिचान गरिएका ३६ वटा खुल्ला तथा सार्वजनिक स्थललाई पार्क, हरित क्षेत्र तथा मनोरन्जन क्षेत्रको रुपमा विकास गर्ने,

## ५.८ खेलकुद

सिद्धार्थ रंगशाला सिद्धार्थनगरको प्रमुख रंगशाला हो । खेलकुदको विकास तथा प्रबर्द्धनका लागि प्राय सबै विद्यालयमा खेल मैदान रहेकोछ। खेलकुदले शारीरिक रुपमा स्वस्थ्य नागरिक मात्र बनाउने नभई सामाजिक सद्भाव तथा भाईचारा कायम गर्नका लागि समेत महत्वपूर्ण भूमिका खेल्दछ। सिद्धार्थनगरमा बर्षेनी फुटबल तथा क्रिकेटका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरु संचालन हुँदै गरेका छन्। खेलकुद क्षेत्रको विकासका लागि निम्न कार्यहरु गर्नु पर्ने देखिन्छ।

- विभिन्न प्रकारका खेलहरुका लागि भैरहवा भूमिगत जल परियोजनाको परिसरमा एक आधुनिक बहुउदेश्यीय खेलकुद हल निर्माण गर्नु पर्ने,
- एउटा खेल एकेडेमी समेत निर्माण गर्नु पर्ने
- खेलकुदका क्षेत्रमा भविष्यमा देखा पर्न सक्ने आवश्यकता पूरा गर्ने हिसाबमा अहिलेको सिद्धार्थ क्रिक्रेट रंगशालालाई सुविधा सम्पन्न बनाउने,
- अहिले भएका उद्यानहरु भित्र वा बाहिर खेलकुदका लागि साना-साना क्षेत्रहरु बनाउने,
- फुटसल, ब्याडमिण्टन, टेनिस, ५ ए साईड फुटबल, बास्केटबल जस्ता कोठा भित्र खेल्न सकिने खेलहरुका लागि बहुउदेश्यीय खेलकुद हल बनाउने,
- विद्यालयको पाठ्यक्रममा खेलकुदलाई मुख्य बिषयको रुपमा समावेश गर्ने,
- स्थानीय खेलकुद क्लब तथा अन्य सँघसँस्थाहरुलाई नगरपालिकामा दर्ता गर्न प्रोत्साहन र नगर खेलकुद समिति गठन गरी विभिन्न खेलकुदको आयोजना गर्न समन्वय गर्ने

## ५.९ संग्रहालय

विविध सँस्कृति सिद्धार्थनगरको अमूल्य सम्पत्ति हो र यस्को संरक्षण र प्रबर्द्धन गर्नु जरुरी छ। यसो गर्नाले आउने सन्ततिलाई उनीहरुका पुर्खाले आफ्नो अस्तित्वका लागि गरेको संघर्षका बारेमा जानकारी मात्र दिने नभई पर्यटन प्रबर्द्धनमा समेत महत्चपूर्ण योगदान पुऱ्याउँदछ। यसकारण एक सुविधा सम्पन्न संग्रहालयको अवधारणा प्रस्तावित गरिएको छ।

## ५.१० सिटी हल

मानिसहरु सधै भरी काम मात्र गरिरहदैन। उनीहरु समय समयमा मनोरन्जनको पनि गर्न चाहन्छन। यसैले नगरमा सुविधा सम्पन्न सिटी हलको आवश्यकता परेको स्वत बुझिन्छ। अहिले भएको सिटीहलले निकट भविष्यको आवश्यकता पूरा गर्न नसक्ने भएकाले त्यसलाई स्तरोन्नति गर्नु पर्ने देखिन्छ।

## ५.११ बृद्धाश्रम तथा अनाथालयको स्थापना

नागरिकले आफ्नो युवावस्थामा देस र समाजका लागि केही न केही गरेको हुन्छ। त्यही मानिस बुढेसकाल लागे पछि यदि हेरचाह गर्ने मानिस छैनन भने बेसहारा बन्न पुग्दछन। यस्ता नागरिक प्रति पनि नगरपालिकाको समान जिम्मेवारी रहने भएकाले उनीहरुको उचित संरक्षणका लागि बृद्धाश्रमको व्यवस्था गर्नु पर्दछ। साथै संरक्षक गुमाएका

बालबालिकाप्रति पनि नगरपालिकाको जिम्मेवारी हुने भएकाले उनीहरुको लागि अनाथालय बनाई उनीहरुको शिक्षा दीक्षाको राम्रो प्रबन्ध गरिनु पर्दछ। यसैले यस्का लागि निम्न कार्य प्रस्तावित गरिएको छ।

- स्वर्गद्वारीघाट नजिकै एक बृद्धाश्रमको निर्माण गरी बृद्ध, बृद्धाहरुको उचित स्याहार संभारको व्यवस्था गर्ने,
- बृद्धाश्रम कै नजिकमा अनाथालय पनि निर्माण गर्ने

## ५.१२ प्रदर्शनी केन्द्र

शहरी योजना तर्जुमा गर्ने मापदण्डका आधारमा सिद्धार्थनगरमा २ वटा प्रदर्शनी केन्द्रको निर्माण गर्नु पर्ने देखिन्छ।

## ५.१३ पुस्तकालय

मानिस ज्ञानको भोको हुन्छ। ज्ञान प्राप्त गर्ने विभिन्न माध्यमहरु मध्ये पुस्तकालय पनि एक हो। त्यसैले नागरिक प्रति उत्तरदायी नगरपालिकाले नागरिकको आवश्यकताको लागि पुस्तकालय तथा सूचना केन्द्रको निर्माण गर्नु पर्दछ। यस्का लागि निम्न कार्य गर्न प्रस्ताव गरिएको छ।

- अहिलेको सरकारी पुस्तकालयलाई आवश्यक पूर्वाधार सहित स्तरोन्नति गरी नगरस्तरीय पुस्तकालयको रुपमा विकास गर्ने
- १० वटा सामुदायिक पुस्तकालय निर्माण गरी ई – सिकाई (e- learning) लाई प्रबर्द्धन गर्ने।

## ५.१४ लक्ष्य तथा उद्देश्य

सामाजिक विकास बिषयगत क्षेत्रको लक्ष्य र उद्देश्य निम्न अनुसार रहेको छ।

**लक्ष्यः** आधारभूत, शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सुरक्षा, सेवा तथा सुविधाको पहुचमा गुणस्तरीय ढंगले दिगो सुधार गरी नगरबासीको जीवनयापनलाई सरल, सुलभ र सुखी बनाउने।

**उद्देश्यः** सामाजिक विकास बिषयगत क्षेत्रको लक्ष्य प्राप्त गर्नको लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ।

१. विद्यालयहरूको भौतिक पूर्वाधारको सुधारगर्दै सार्वजनिक विद्यालय शिक्षामा पहुँच र गुणस्तर बृद्धि भएको हुनेछ।
२. आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा वृद्धि भएको हुनेछ।
३. खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि भएको हुनेछ।
४. विपन्न तथा लक्षित वर्ग, जेष्ट नागरिक, एकल महिला तथा दलितको क्षमता, सहभागिता र उनीहरुको आधारभूत सेवा तथा सुविधाको पहुँचमा वृद्धि भएको हुनेछ।
५. सु–संस्कृत, सिर्जनशील र व्यवसायिक युवाशक्तिको विकास भएको हुनेछ।
६. स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन भएको हुनेछ।

## ५.१५ रणनीति तथा कार्यनीति

सामाजिक विकास बिषयगत क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ। यस्का लागि निम्न अनुसारका रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएका छन्।

**रणनीति**

१. सामुदायिक विद्यालयका शिक्षकलाई कुनै पनि राजनीतिक दलको कार्यकर्ताको रूपमा काम गर्नबाट निरुत्साहित गर्ने।
२. विकासको लागि आएको बजेटबाट तलव खाने गरी स्थानीय स्रोतबाट शिक्षक भर्ना गर्ने विगतको परिपाटीलाई निरुत्साहित गर्ने।
३. सामुदायिक विद्यालयको गुणस्तर माथि उठाउने र निजी विद्यालयहरूको आर्थिक अराजकता नियन्त्रण गर्ने नीति अवलम्बन गर्ने।
४. सामुदायिक विद्यालयहरुको भौतिक संरचना (खानेपानी तथा सरसफाई, आवश्यक कक्षा कोठाहरु, प्रयोगशाला, आवश्यक उपकरण – कम्प्युटर आदि) सुधार गरी सुविधा सम्पन्न बनाउने।
५. विपन्न तथा पछि परेका समुदायका बालबच्चा

**कार्यनीति**

१. विद्यालयको सुधार र निर्माणको लागि विद्यालय व्यवस्थापन समिति शिक्षकहरुलाई नै जिम्मेवार वनाईने छ।
२. शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रभावकारी रूपमा कामगर्ने र लामो समयसम्म यस गाउँपालिकामा सेवागर्ने व्यक्तिहरूलाई बार्षिक रूपमा पुरस्कारको व्यवस्था गरिने छ
३. विद्यालय तथा स्वास्थ्य चौकिहरूको भवन निर्माण गर्दा सम्बन्धित व्यवस्थापन समितिहरूलाई नै बढी जिम्मेवार बनाईने छ।

# परिच्छेद ६ भौतिक पूर्वाधार विकास योजना

## ६.१ पृष्टभूमि

भौतिक योजना एक व्यापक बहु-क्षेत्रीय मास्टर प्लान हो जस्ले भौतिक वातावरणको लागि विकासको योजनाबद्ध स्थानिक रुपरेखा प्रदान गर्दछ जुन भित्र रहेर सामाजिक तथा आर्थिक विकासको सन्तुलित कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

भौतिक पूर्वाधारहरूको विकासको अभावमा कुनै पनि पालिकाको समग्र विकासका अगाडि बढाउन कठीन हुन्छ। नगरपालिकास्तरमा पूर्वाधार भन्नाले मूलतः सडक, पुल पुलेसा, भवन, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा तथा सञ्चारसंग सम्बन्धित पूर्वाधारहरू पर्दछन्। यस नगरपालिकामा कच्ची पक्की सबै किसिमका सडकको लम्बाई करिव २२६.२५ कि.मी. छ। यस नगरपालिकाको समग्र पूर्वाधार विकासका आवश्यकता, समस्या र संभावनाहरुलाई देहाय बमोजिम विश्लेषण गरिएकोछ।

## ६.२ सडक तथा पुल

नगरको भविष्यको मागलाई समेत विचार गर्दा थप ४५ कि.मी. सडक निर्माण गर्नु पर्ने देखिन्छ। साथै अहिले भएको ग्राभेल तथा कच्ची १२१ कि.मी. सडकको चौडाई बढाउने र कालो पत्रे गरी स्तरोन्नति गर्नु पर्नेछ। सडकको दुवै तर्फ नाला बनाउनु पर्ने आवश्यकता टड्कारो देखिन्छ। नगर – गाँउ वीचको सम्बन्ध जोड्नका लागि र नगर यातायातको सुविधा बृद्धि गर्नका लागि निम्न काम गर्नु पर्ने देखिन्छ।

- रोहिणी देखि तिनाउसम्म जोड्ने गरी करिव ३० कि.मी. लामो साईकल लेन, पैदल मार्ग समेत भएको चक्रपथको निर्माण गर्ने। हाललाई २ लिनको चक्रपथ हुने र पछि यस्लाई विस्तार गरी ४ लेन बनाउने प्रस्ताव गरिएकोछ। विद्युत, पानी तथा ढल र टेलिफोनका सबैलाईहरु यो चक्रपथ क्षेत्रमा भूमिगत गरिनेछ।
- ४ वटा आकाशेपुल (पुतली बजार, लुम्बिनी गेट चोक, बुद्ध चोक उत्तर, र बेहलियामा) निर्माण गरिनेछ।
- बुद्धचोक तथा देवकोटा चोकमा फ्लाईओभर पुल प्रस्ताव गरिएको छ।

## ६.३ यातायात सेवा

सिद्धार्थनगरबाट देशका विभिन्न भागमा जाने लामो दूरीको बस सेवा संचालन हुनुको साथै यातायातका लागि नगर भित्र बस सेवा तथा रिक्सा, अटोरिक्सा तथा निजी सवारीका साधनहरु उपलब्ध छन। निजी स्तरमा गाडीको बृद्धिले नगर भित्र पार्किङ्कको समस्या बढ्दै गईरहेकोछ। निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न हुने चरणमा छ। यो विमानस्थल निर्माण भए पछि सिद्धार्थनगरको पर्यटनको क्षेत्रले ठूलो फड्को मार्ने विश्वास गरिएकोछ। नगर भित्रको यातायाउ सरल, सहज र सुगम बनाउनका लागि निम्न कार्य प्रस्ताव गरिएकोछ।

- **बसपार्क** – अहिले संचालनमा रहेको बसपार्क राम्ररी नै चलिरहेको भए तापनि यस्ले भविष्यमा बढ्ने यातायातको मागलाई धान्न नसक्ने देखिन्छ। त्यसैले नगर भित्रको यातायातको लागि र नगरबाट बाहिर जाने लामो दूरीका यातायातको लागि छुट्टाछुट्टै बस टर्मिनल हुनु पर्ने देखिन्छ। अहिले भएको बसपार्कलाई नगर

भित्रको शहरी यातायातको बस पार्कको रुपमा लिन सकिन्छ र यस्को पनि भविष्यको मागलाई विचार गर्दा क्षमता बढाउनु पर्ने हुन्छ । लामो दूरीको यातायातको लागि उपयुक्त स्थानमा एउटा छुट्टै सुविधा सम्पन्न बस टर्मिनल जस्मा सार्वजनिक शौचालय, टिकट काउण्टर, प्रतीक्षालय, प्रकाश, पानी र सुरक्षाको उचित प्रबन्ध भएको हुनेछ ।

- **पार्किङ्ग क्षेत्र** – पार्किङ्गका लागि निश्चित स्थान तोकिएको छैन जस्ले गर्दा ट्राफिक जाम हुन गई सहज यातायातमा अवरोध सृजना हुने गरेकोछ । त्यसैले निश्चित पार्किङ्ग स्थानको आवश्यकता टड्कारो देखिन्छ । हाल पार्किङ्गको लागि खुल्ला उपयुक्त जग्गा देखिन्न त्यसैले अहिलेको कारागारलाई कुनै अन्य स्थान संभवत पचकौलीमा स्थानान्तरण गरी त्यो ठाँउमा आधुनिक पार्क बनाउन प्रस्ताव गरिएकोछ । यदि कारागार सार्न नसकिने स्थितिमा नगरपालिकाले जग्गा खरिद गरी वा लिजमा जग्गा लिएर पार्क बनाउने विकल्पमा जानु पर्ने देखिन्छ ।
- **बस बिसौनी** – हाल नगर क्षेत्रमा ७ वटा बस बिसौनीहरु रहेका छन् । नगरको आवश्यकतालाई विश्लेषण गर्दा थप २० वटा बस बिसौनी निर्माण गर्नु पर्ने देखिन्छ । नयाँ बनाउने बस बिसौनी नगरका विभिन्न क्षेत्रमा हलुका सामानबाट बनाईनेछ ।
- **सौर्यबत्ती** – रात्रीकालिन यातायातमा सुगमताका लागि सडक सौर्यबत्तीको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- **मोनोरेल तथा मेट्रो रेल** – प्रस्तावित चक्रपथमा मोनोरेल र लुम्बिनी भैरहवा वुटवल खण्डमा मेट्रो रेल सचालनका लागि विस्तृत अध्ययन गरि १५ वर्षमा निर्माण कार्य शुरु गर्ने ।

## ६.४ विद्युत

विद्युत प्राधिकरणले नगरपालिकाका सबै १३ वडाहरुमा गरी हालसम्म ११,५४० घरमा विद्युत आपूर्ति गरेकोछ । विद्युत आपूर्ति ३३ केभी र ११ केभी प्रसारण लाईनबाट भएकोछ । भारतबाट पनि बिद्युत आपूर्ति हुने गरेकोछ । राष्ट्रिय प्रसारण लाईनबाट विद्युत आपूर्ति भए पनि हरित शहरका प्रबर्द्धनका लागि सौर्य उर्जा विस्तारमा ध्यान दिनु आवश्यक देखिन्छ ।

## ६.५ ढल तथा सडक नालाको सँजाल

सबै घरहरुमा सेप्टिक ट्याङ्क बनाएकाले फोहोर पानीका लागि छुट्टै ढलको लाइनको व्यवस्था गरिएको देखिएन । हाल परेको पानीको निकासको लागि सामान्य काम भएको देखिन्छ । भविष्यको स्थितिलाई आँकलन गर्दा २०० कि.मी. नयाँ ढल लाइन र नगरमा पानी थुनिने समस्या बराबर देखिने भएकाले नगर सडक सँगै १३५.५ कि.मी. लामो नाला **(Drainage)** बनाउन प्रस्ताव गरिएकोछ । सिद्धार्थनगरको भू-बनोटलाई विचार गर्दा सेवरेज लाईन बनाउदाँ स्लोपमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । त्यस्तै २ वटा ट्रिटमेण्ट प्लान्ट उपयुक्त स्थानमा बनाउनका लागि प्रस्ताव गरिएकोछ ।

## ६.६ सूचना, संचार र प्रविधि

जिल्ला हुलाक कार्यालयले २ वटा शाखा कार्यालय मार्फत हुलाक सेवा प्रदान गर्दै आईरहेकोछ । यस्का साथै ४ वटा निजी कुरिएर र २ वटा नगरपालिका सूचना केन्द्रहरु पनि सणचालनमा छन् । स्थानीय पत्रपत्रिका प्रकाशन हुने देखि २ वटा एफ एम रेडियोले संचार सुविधालाई बढाईरहेको पाईन्छ । नेपाल टेलिकम र एनसेल संचार सुविधा प्रदान गर्ने प्रमुख सेवा प्रदायक संस्था हुन । संचार सुविधा तुलनात्मक रुपमा यहाँ राम्रो छ । मोबायल फोनको सेवा

सर्वसाधारणसम्मको पहुँचमा पुगेकोछ । करिब ९८,११० टेलिफोन लाईन र ५५,५६० मोबायल फोन वितरण भइसकेको देखिन्छ। दुवै सेवा प्रदायकहरुले ईमेल तथा ईन्टरनेट सेवा दिईरहेका छन्। नागरिकको सूचना तथा अन्य जानकारीमा पहुँच सहज पुऱ्याउनको लागि हरेक वडामा फ्रि-वाईफाई क्षेत्र निर्माण गर्नु पर्ने देखिन्छ।

## ६.७ लक्ष्य तथा उद्देश्य

पूर्वाधार विकास बिषयगत क्षेत्रको लक्ष्य र उद्देश्य निम्न अनुसार रहेको छ।

भएका पूर्वाधारहरूको स्तरोन्नति गर्दै एकीकृत शहरी विकासमा आधारित नयाँ पूर्वाधारहरु व्यवस्थित, सुरक्षित र न्यूनतम स्रोतको प्रयोग र वातावरणीय सन्तुलन कायम राख्दै निर्माण गरी नगरबासीको जीवनयापन सहज र सुरक्षित बनाउने

पूर्वाधार विकास बिषयगत क्षेत्रको लक्ष्य प्राप्त गर्नको लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ।

१. भएका मुख्य सडकहरू फराकिलो र नाला सहितको कालो पत्रे सहित स्तरोन्नति भई बर्षै भरी यातायातमा सुगमता भएको हुनेछ।
२. फोहोर मैला व्यवस्थापनको योजना बनेको हुनेछ।
३. नयाँ बस टर्मिनल तथा बस बिसौनीहरुको निर्माणबाट शहरी यातायातमा थप सुगमता बढ्नेछ।
४. सडक सौर्यबत्तीको व्यवस्थाले शहरको सुन्दरतामा बृद्धिका साथै यात्रीकालीन यातायात भरपर्दो र सुरक्षित हुनेछ।
५. नयाँ ढल निर्माण भई सरसफाई को क्षेत्रमा रहेको समस्या हल भएको हुनेछ।

## ६.८ रणनीति तथा कार्यनीति

पूर्वाधार विकास बिषयगत क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ। यस्का लागि निम्न अनुसारका रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएका छन्।

**रणनीति**

१. विद्यमान नियम कानूनको परिधिभित्र रही नगरपालिकाको योजना अन्तर्गतका निर्माणका काममा सम्भवभएसम्म उपभोक्ता समूह परिचालनगर्ने नीति अवलम्वन गर्ने।
२. नगरपालिकाबाट गरिने १५ लाख भन्दा बढी खर्चभएका कुनै पनि निर्माणका कामको सार्वजनिक सुनुवाईकालागि नगरपालिका तयार र उदार रहने।
३. पूर्वाधार विकासका लागि सार्वजनिक - निजी साझेदारी नीतिलाई प्रोत्साहन गरिनेछ।
४. आवास समस्या समाधानका लागि अपार्टमेण्ट विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।
५. कारागार तथा सैनिक ब्यारेकलाई पचकौली तथा विमानस्थल क्षेत्रमा स्थानान्तरण गरी शहरको मुख्य क्षेत्रमा खुल्ला स्थानको व्यवस्था गरिनेछ।

**कार्यनीति**

१. कुनै पनि निर्माणको काम ठेकेदारबाट वा उपभोक्ता समूह मध्ये जोसुकैबाट गरिएको भएपनि त्यस्ता कामबाट हुनसक्ने चुहावटको अवस्थालाई नगरपालिकाले सून्य सहनशीलताको नीति लिनेछ ।

२. नयाँ निर्माणलाई भन्दा भएका पूर्वाधारहरूको स्तरोन्नति गरी व्यवहारिक र प्रत्यक्ष रूपमा जनताले सेवा र सुविधा पाउंने खालका पूर्वाधारहरूलाई प्राथमिकतामा राखिने छ

३. सडक, भवन, र अन्य निर्माण सम्बन्धि कामगर्दा सम्भाब्यता अध्ययन, वाताबरणीय प्रभाव अध्ययन, बिस्तृत लागत डिजाईन, लगानीमा प्रतिफलको बिश्लेषण र निर्माण अचार संहिता अनिवार्य रूपमा पालना गर्ने ब्यवस्था गरी निर्माण कार्यहरू सबल, दीगो र सुरक्षित बनाउने ।

# परिच्छेद ७ वातावरण, वन तथा विपद् व्यवस्थापन योजना

## ७.१ पृष्टभूमि

वातावरण, वन तथा विपद् व्यवस्थापन अन्तर्गत वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापन सम्बन्धी बिषय शीर्षकहरू पर्दछन् ।

वातावरण व्यवस्थापन भन्नाले प्राकृतिक स्रोतको संरक्षण गर्नका लागि हामी वरपरको वातावरणमा मानवीय कार्यबाट हुन जाने नकारात्मक प्रभावलाई नियन्त्रण गर्ने प्रयास बुझिन्छ । वातावरण व्यवस्थापनले वर्तमान तथा भावी पुस्ताको कल्याणका लागि ध्यान केन्द्रित गरेको हुन्छ । एउटा सफा र स्वस्थ्य शहरले आफ्ना नागरिकहरुको जीवनस्तर माथि उठाउनुका साथै शहरको सौन्दर्यमा समेत योगदान पु-याएको हुन्छ । त्यसकारण, शहरको सबै पक्षको सुधार गर्नका लागि वातावरण संरक्षण कार्य कुनै पनि नगरको लागि नगरी नहुने अनिवार्य हुन जान्छ । यस नगरपालिकाको वातावरण, बन तथा विपद् व्यवस्थापन क्षेत्रको आवश्यकता, समस्या र संभावनाहरुलाई देहाय बमोजिम विश्लेषण गरिएकोछ ।

## ७.२ फोहोर मैला व्यवस्थापन

फोहोर मैला व्यवस्थापनको क्षेत्रमा सिद्धार्थनगरमा खासै काम हुनसकेको छैन । "फोहोरबाट उर्जा" कार्यक्रम सिद्धार्थनगरको प्राथमिकतामा परे पनि यस्का लागि चाहिने रणनीति र कार्यान्वयन योजना अहिले सम्म बन्न सकेको छैन । यसैले फोहोर मैला व्यवस्थापनका लागि गरिनु पर्ने कामको विश्लेषण तल गरिएकोछ ।

### क. ल्याण्डफिल साईट

सिद्धार्थनगर भित्र उचित स्थानको अभावमा ल्याण्डफिल साईटको सुनिश्चित गर्न सकिएको छैन । छिमेकी गाँउपालिकाहरुलाई पनि ल्याण्डफिल साईटको आवश्यकता पर्ने भएकाले तिनीहरुसँग समन्वय गरी ल्याण्डफिल साईटको कार्यक्रम संचालन गरेको खण्डमा फोहोर मैलाको समस्या समाधान गर्न सघाउ पुग्ने देखिन्छ ।

### ख. फोहोर मैला घटाउने, रिसाईकल र पुनर्प्रयोग (Reduce, Recycle and Reuse)

फोहोर मैला व्यवस्थापनको लागि विश्वव्यापी रुपमा अवलम्बन गरिएको तरिका Reduce, Recycle and Reuse नै हो । यस्का लागि निम्न कार्यहरु गर्ने पर्दछ ।

- घरमा उत्पादन हुने फोहोर मैलालाई कुहिने तथा नकुहिने फोहोरको रुपमा घर तहमा छुट्याउने कामलाई सशक्तरुपमा लागू गर्ने र साथै नकुहिने फोहोरहरु जस्तै पनि सीसा, कागज, ईलेक्ट्रनिक्सका सामानहरु छुट्टा छुट्टै रुपमा संकलन गर्ने ।
- निजी क्षेत्रलाई "फोहोर बाट उर्जा" कार्यक्रममा सार्वजनिक – निजी साझेदारी मोडलमा समावेश गरी काम गराउन प्रोत्साहित गर्ने

- जैविक फोहोर उपादन तथा रिसाईक्लिनमा लगानी गरी व्यवस्थापन गर्नु पर्ने फोहोर मैला उत्पादनलाई ४०% ले घटाउने (प्रतिव्यक्ति प्रतिदिन फोहोर मैला उत्पादन ०.१८ के.जी. बाट ०.१० के.जी. मा झार्ने) जस्ले हरित शहरको मापदण्ड समेत प्राप्त गर्न सघाउ पुग्दछ।
- अर्गानिक फोहोरको प्रयोगका लागि करेसाबारी तथा छतमा तरकारी खेती गर्न प्रोत्साहन गर्ने र सो खेती गर्न चाहिने सीप र ज्ञानका लागि विभिन्न तालिमहरु संचालन गर्ने
- अर्गानिक फोहोर घरायसी तहमा नै व्यवस्थापन गर्न सघाउ पुऱ्याउनका लागि अजैबिक तथा नकुहिने फोहोरमा नगरपालिकाले फोहोरको मात्राका आधारमा शुल्क लगाउने रणनीति अवलम्बन गर्ने
- विद्यालय, निजी तथा व्यापारिक सँघ सँस्थासँगको सहकार्यमा प्लाष्टिक मुक्त शहरका लागि अभियान संचालन गर्ने
- प्लाष्टिक बोटलहरुको प्रयोगमा कमी ल्याउनका प्रति बोतलमा कर पछि फिर्ता दिन सकिने गरी अग्रिम रुपमा लगाउने व्यवस्था गर्ने

## ७.३ विपद

नगरपालिकामा विपद व्यवस्थापनको लागि केही काम भएको देखिन्छ। विपद्को सन्दर्भमा नेपाल सरकारले जारी गरेको विपदको तयारी र व्यवस्थापन निर्देशिकामा स्थानी सरकारको भूमिकामा स्पष्ट उल्लेख गरेको छ। बि सं २०७२ मा आएको गोर्खा भूकम्पले पनि नेपालीहरूलाई ठूलो पाठ सिकाएको छ। यो सिकाई र नेपाल सरकारको निर्देशिका अनुसार कम्तीमा पनि प्रत्येक वडामा एक विपद व्यवस्थापन समिति स्थापना गर्न आवश्यक देखिन्छ। यस्ता समितिहरूलाई प्राकृतिक प्रकोप, आकस्मिक समस्या वा आपतकालीन अवस्था आइपरेको अवस्थामा उद्धार, राहत तथा पुनःस्थापना जस्ता कार्यमा क्रियाशील गराउनु पर्ने हुन्छ। साथै यस्ता समितिहरूले भैपरि आउने समस्याहरूको सरल निकासको लागि पूर्वानुमान तथा योजना निर्माण र पूर्वतयारीका लागि नगरपालिकालाई सहयोग र सहजीकरण गर्नु पर्ने हुन्छ।

विपदको पूर्वतयारीको सिलसिलामा प्रत्येक नगरकालागि विपद आईहालेको खण्डमा बस्नका लागि सुरक्षित स्थान समेत तोक्नु आवश्यक छ। त्यसै गरी नगरपालिकाले भूकम्प रहित भवन निर्माण सम्वन्धी आचार संहित लागु गर्नुका साथै यस्ता भवनहरूको निर्माणमा आवश्यक परामर्श समेत उपलव्ध गराउने संयन्त्रको विकास गर्नुपर्ने हुन्छ । यस्ता प्रकारका सबै समितिहरूमा विपदको तयारी र व्यवस्थापनका लागि आवश्यक खर्चको लागि एक विपद व्यवस्थापन कोष समेत निर्माण गर्नु पर्दछ।

विपद् व्यवस्थापनका लागि खोज तथा उद्धार कार्यदल, विपद्को पूर्व सूचना दिने कार्यदल तथा प्राथमिक उपचार कार्यदल निर्माण गरी ती कार्यदलका सदस्यहरुलाई आवश्यक तालिमको व्यवस्था गरी उनीहरुको क्षमता अभिबृद्धि गर्ने।

यस नगरपालिका भित्र सामान्यतया बाढी, आगलागी, चट्यांग, शीत लहर, महामारी आदि प्रमुख विपदका रुपमा रहेका छन्। यी सबै विपद्का सम्बन्धमा गर्नु पर्ने कामका बारेमा विश्लेषण गरिएकोछ। साथै भूकम्प कहाँ र कहिले आउँछ भन्ने पूर्वानुमान गर्न सकिने बिषय नभएतापनि भूकम्प आईहालेमा गर्नु पर्ने तयारीका बारेमा चर्चा गरिनेछ।

**क. बाढी**

- दुई बर्ष भित्र डण्डाखोलामा बाढी आएमा आपतकालीन जानकारी दिने पद्धति जडान गर्ने
- बाढीबाट सुरक्षित पार्नका लागि नदीमा तटबन्धको निर्माण गर्ने
- नीति नियमको तर्जुमा गरी नदीको किनाराबाट ५० मिटर बस्ती राख्ने काममा नियन्त्रण गर्ने
- नदी किनारामा रहेका बस्तीहरु स्थानान्तरण गर्ने
- बाढीबाट हुन जाने मानवीय क्षतिबाट उद्धार गर्ने समिति गठन गर्ने र उनीहरुलाई तालिमको व्यवस्था गर्ने
- राष्ट्रिय तथा प्रादेशिक तहका उद्धारकर्तासँग समन्वय तथा सहकार्य गर्ने
- टेलिफोन, लोकल एफ एम तथा पत्र पत्रिकाको माध्यमबाट आपतकालीन जानकारी दिने
- उद्धार कार्यका लागि प्रहरी, सेना तथा रेडक्रसका स्वयमसेवकहरुसँग समन्वय गर्ने
- डुवान समस्या समाधान गर्नका लागि उपयुक्त ढलको व्यवस्था गर्ने

**ख. आगलागी**

- उद्धारकार्य तीन चरणमा गर्ने – तत्काल हेरचाह, प्राथमिक उपचार र व्यवस्थित उपचार
- उद्धार कार्यको लागि चाहिने व्यवस्थापन योजना तयार गर्ने
- सार्वजनिक स्थल तथा मानिसहरु भेला हुने ठाँउमा आगलागी सम्बन्धी अलार्मको व्यवस्था गर्ने
- अग्नि नियन्त्रण गर्ने भौतिक क्षमता बढाउने
- आपतकालमा प्रहरी तथा सेनासँग समन्वय गर्ने
- आगलागीबाट हुन जाने क्षति कम गर्ने तयारी योजना वडा तहमा बनाउने

**ग. चट्याङ्ग**

- भवन निर्माणको समयमा नै अर्थिङ्ग प्रणाली राख्न प्रोत्साहन गर्ने
- चट्याङ्गका बारेमा पूर्व सूचना दिने प्रणालीको व्यवस्था गर्ने
- चट्याङ्गको बारेमा नागरिकमा जनचेतना अभिबृद्धि गर्ने
- पत्रपत्रिका, रेडियो, एफएम तथा टिभीका माध्यमबाट चट्याङ्ग सम्बन्धी जानकारी दिने

**घ. महामारी**

- महामारी नियन्त्रणका लागि प्राथमिक स्वास्थ्य सेवा तथा औषधि आपूर्ति ईकाई स्थापना गर्नु पर्ने
- भीम अस्पतालमा एउटा छुट्टै ईकाई राख्ने जस्ले नगरपालिकालाई संभावित माहामारीको बारेमा जानकारी दिनेछ र त्यस्को आधारमा नगरपालिकाले महामारी नियन्त्रण गर्न आवश्यक कदम चाल्न सक्नेछ
- पत्रपत्रिका, रेडियो, एफएम तथा टिभीका माध्यमबाट महामारी सम्बन्धी जानकारी दिने

**ङ. भूकम्प**

- भूकम्प आएको बखत र भूकम्प आईसके पछि के के गर्नु पर्ने सो बारेमा जानकारी दिने किसिमका जनचेतनामुलक कार्यक्रम संचालन गर्ने
- विद्यार्थीहरुलाई भूकम्प अघि र पछि गर्ने क्रियाकलापको बारेमा प्रशिक्षित गर्ने
- कमजोर भूधरातल भएका क्षेत्रमा ठूला संरचना बनाउन रोक लगाउने
- भवन आचारसंहिता कडाईका साथ लागू गर्ने
- भूकम्प प्रतिरोधी भवन बनाउने प्रविधिका बारेमा डकर्मीहरुलाई आवश्यक तालिम प्रदान गर्ने
- भूकम्पका बेलामा सुरक्षित स्थानमा भेला हुनका लागि त्यस्ता सुरक्षित स्थानको पहिले नै पहिचान गरिराख्ने र
- हरेक वडामा Evacuation गुरु योजना तयार बनाई राख्ने

## ७.४ लक्ष्य तथा उद्देश्य

वातावरण तथा विपद् व्यवस्थापन बिषयगत क्षेत्रको लक्ष्य र उद्देश्य निम्न अनुसार रहेको छ ।

**लक्ष्यः** वन, वातावरण, प्राकृतिक स्रोत तथा उपलव्ध खनिज पदार्थको सम्बर्द्धन, संरक्षण र दीगो उपयोग गर्दै जलवायु परिवर्तनले ल्याएका चुनौतीहरु र सम्भाव्य विपद्का जोखिमहरु सहन गर्न सक्ने स्तरको जीवनयापन विकास गर्ने ।

**उद्देश्यः** वातावरण तथा विपद् व्यवस्थापन बिषयगत क्षेत्रको लक्ष्य प्राप्त गर्नको लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

१. सामुदायिक वन कार्यक्रम मार्फत वन श्रोतको संरक्षण, सम्बर्द्धन तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुनेछ ।
२. जलाधार संरक्षण तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा बृद्धि भएको हुनेछ ।
३. नगरको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलन क्षमतामा बृद्धि भएको हुनेछ ।
४. विपद् जोखिमको सामना गर्ने क्षमताको बृद्धि तथा क्षती न्यूनीकरण भएको हुनेछ ।

## ७.५ रणनीति तथा कार्यनीति

वातावरण तथा विपद् व्यवस्थापन बिषयगत क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु पर्ने हुन्छ । यस्का लागि निम्न अनुसारका रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएका छन् ।

**रणनीति**

१. वन तथा वातावरणको विकासका लागि आएका र आउने विभिन्न दातृसंस्थाले लगानी गरेका आयोजनाहरूलाई नगरपालिकाको नीति तथा प्राथमिकतामा ल्याउने ।
२. कुनै पनि आयोजना छनौट गर्नुभन्दा पहिले नै त्यसले वातावरणलाई के कति क्षति पुऱ्याउँछ भन्ने वारेमा राम्रो छलफल, बहस र अध्ययन गरेर मात्र योजना स्वीकृत गर्ने ।

**कार्यनीति**

१. वातावरण संरक्षणको लागि अधिकतम स्थानीय स्रोत र साधनमा आधारित, कम खर्चिलो, प्रविधि जस्तै वायो इन्जिनियरिङ्ग अनुशरण गरिनेछ ।
२. वातावरण र विपदका लागि अलग्गै कार्यक्रम तथा बजेट राख्नुभन्दा सबै बिषय शिर्षक अन्तर्गतका योजनाहरू संचालन गर्दा यो बिषयमा पनि उचित ध्यान दिईने छ।
३. वन तथा वातावरण सरकारले जोगाउने भन्ने धारणाबाट जनतालाई बाहिर ल्याउनका लागि हरेक कार्यक्रममा वन तथा वातावरणपक्षलाई समावेस गर्ने ।
४. सबै सार्वजनिक विद्यालयहरुमा कम्तीमा महिनामा एक पटक वन तथा वातावरणसंग सम्बन्धित शैक्षिक कार्यक्रम राख्ने र त्यस क्षेत्रका जनप्रतिनिधिहरूले समेत भाग लिने ।
५. यस गाउँपालिका र वडाहरुमाले हरेक बर्ष व्यक्ति वा संघ संस्थालाई दिने गरी वातावरण संरक्षण पुरस्कारको स्थापना गर्ने ।

# परिच्छेद ८ संस्थागत विकास तथा सुशासन योजना

## ८.१ पृष्टभूमि

संस्थागत विकास र सेवा प्रवाह एउटा बृहद बिषय क्षेत्र हो। यस अन्तर्गतका विषयगत उपक्षेत्रहरूमा मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण र सूचना तथा सञ्चार व्यवस्थापन पर्दछन्। माथि उल्लेखित बिषयगत क्षेत्र र उपक्षेत्रहरू उपर यो योजना तर्जुमाको सिलसिलामा बिभिन्न सरोकारवालाहरूसंग भएको छलफलका आधारमा यस नगरपालिकाको वर्तमान अवस्था यस प्रकार बिश्लेषण गरिएको छ।

## ८.२ संगठनात्मक स्वरुप

